दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३८ | अंक २१० | बुटवल | २०८३ साउन २४ गते,आइतबार | नेपाल संवत ११४६ | Sunday August 09, 2026 | पृष्ठ ४ | मूल्य रु. १० मात्र | Lumbini

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका
प्रमुख शहरहरूमा पठाउनु परेमा
हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोनः- ०७१५४२५७१

## देश बनाउन सबैको साथ चाहिन्छ : आचार्य

बुटवल। राष्ट्रिय स्वतन्त्र पार्टी रास्वपाका महामन्त्री विपिनकुमार आचार्यले देश बनाउन सबैको साथ चाहिने बताएका छन् ।

रुपन्देहीको भैरहवामा शनिबार आयोजित पार्टीको कार्यक्रममा उनले देश एक्लैले बनाउन नसकिने बताए । 'देश एक्लैले बन्दैन, २७५ जना सांसदले पनि बन्दैन', आचार्यले भने-'देश बनाउन सबैको साथ र समन्वय चाहिन्छ।'

उनले स्थानीय तह र प्रदेशको निर्वाचन आउँदै गरेको उल्लेख गर्दै ती निर्वाचनमा पार्टीका नेता कार्यकर्ताको साथ चाहिने बताए।

महामन्त्री आचार्यले रास्वपाका नेता कार्यकर्ता र शुभेच्छुकहरूलाई पुराना दल र त्यसमा आबद्ध व्यक्तिलाई गाली गरेर नभई कामबाट जवाफ दिन आग्रह गरे।

रास्वपामा पुराना पार्टीबाट धैरै मान्छे आएको स्वीकार गर्दै उनले नवप्रवेशी उनीहरुलाई चित्त दुख्नेगरी टिकाटिप्पणी र गाली नगर्न आग्रह गरे।

'हामी त्यो सभ्यताको व्यक्ति हो, रत्नाकरलाई वाल्मिकी बनाउने त हाम्रो समाज हो नि त, त्यो कहीँ पुरानाबाट गलत व्यक्ति आएछन् भने पनि रास्वपाका साथीहरूले हेर्नुहोला, सबै जना मिलेर यो देश बनाउने हो।'- उनले भनेका छन्।

उनले आफ्ना सांसदहरूलाई जोगाउने र गलत गर्दा प्रश्न गर्ने काम पनि गर्नका लागि नेता कार्यकर्तालाई सुझाव दिए।

कार्यक्रममा सांसद सुलभ खरेल, ज्ञानु पौड्याल, पार्टीको केन्द्रीय सदस्य कल्पना पाण्डे, लुम्बिनी प्रदेश सभापति शालिकराम घिमिरे, प्रतिनिधिसभा सदस्य डा.लेखजंग थापा, तौफिक अहमद खाँ, मञ्जु भुसाल, पुनम अग्रवाल, सुशान्त वैदिक, पूर्व प्रदेश कमिटी सल्लाहकार विनोद खरेल, रुपन्देही जिल्ला अध्यक्ष महेन्द्रप्रसाद उपाध्याय, निवर्तमान जिल्ला अध्यक्ष डा.बुद्धिप्रसाद शर्मा, सचिव ज्ञानेन्द्र पाण्डे बुटवल उप-महानगरपालिका सभापति राजेश्वर पाण्डेलगायतले बोलेका थिए।

## कपिलवस्तुका पूर्व मेयर सिंह बेपत्ता

बुटवल । कपिलवस्तु नगरपालिकाका पूर्व मेयर किरण सिंह शुक्रबार दिउँसोदेखि सम्पर्कविहीन भएपछि खोजी कार्यलाई थप तीव्र पारिएको छ।

सिंहको खोजीका लागि शनिबार भैरहवा विमानस्थलबाट अनुसन्धानमा दक्ष तालिमप्राप्त कुकुर ल्याएर परिचालन गरिएको जिल्ला प्रहरी कार्यालय कपिलवस्तुले जनाएको छ।

प्रहरी र स्थानीयवासीको टोलीसँगै कुकुरले तिलौराकोट साझेदारी वन तथा ढेकहरी क्षेत्र आसपासमा खोजी गरिरहेका छन्। शुक्रबार राती साढे १ बजेसम्म खोजी कार्य जारी राखेपनि केही थाहा नलागेपछि शनिबार बिहानैदेखि खोजि कार्य तिव्र पारिएको हो।

सिंहले प्रयोग गरेको मोटरसाइकल शुक्रबार नै भेटिए पनि उनको अवस्था अझै थाहा लाग्न सकेको छैन। सिंह ढेकहरी क्षेत्रमा कृषि फार्म सञ्चालनको तयारीमा रहेका थिए।

# आठ दलको 'अग्रगामी मोर्चा' गठन

**जेनजी आन्दोलनका कारण देशको स्वाधीनता खतरामा परेको भन्दै नेताहरूले दीर्घकालीन सोंचसहित अग्रगामी मोर्चा घोषणा गरेको दाबी गरेका छन्।**

**लुम्बिनी संवाददाता**
*बुटवल*

विभिन्न प्रगतिशील तथा परिवर्तनकारी राजनीतिक शक्तिहरूलाई एकताबद्ध गर्ने उद्देश्यसहित साना आठ दलले 'अग्रगामी मोर्चा' गठन गरेका छन् । जसपा नेपाल, जनमत पार्टी, आम जनता पार्टी, नागरिक उन्मुक्ति पार्टी नेपाल, प्रगतिशील लोकतान्त्रिक पार्टी, नेपाल संघीय समाजवादी पार्टी, बहुजन एकता पार्टी नेपाल, र खम्बुवान राष्ट्रिय मोर्चाले 'अग्रगामी मोर्चा' गठन गरेका हुन् ।

काठमाडौंमा शनिबार आयोजित 'अग्रगामी मोर्चा' घोषणा कार्यक्रममा प्रगतिशील लोकतान्त्रिक पार्टीका संरक्षक जनार्दन शर्माले अवधारणा पत्र सार्वजनिक गरेका छन्। अवधारणा पत्रमा लोकतान्त्रिक, प्रगतिशील, सामाजिक लोकतान्त्रिक, क्रान्तिकारी, श्रमिक, समाजवादी तथा समावेशी राजनीतिक शक्तिलाई एकताबद्ध गर्ने प्रतिबद्धता जनाइएको छ । अवधारणा पत्रमा नेपालको सार्वभौमसत्ता, राष्ट्रिय स्वाधीनता, स्वतन्त्रता, भौगोलिक अखण्डता तथा राष्ट्रिय एकताको संरक्षणलाई प्राथमिकतामा राखिएको छ।

राजनीतिक सत्ताको अत्यधिक केन्द्रीकरण, सर्वसत्तावाद र अधिनायकवादी प्रवृत्तिको अन्त्य गर्दै स्वतन्त्रता, समानता, लोकतान्त्रिक गणतन्त्र, समावेशी लोकतन्त्र, धर्मनिरपेक्षता, सामाजिक न्याय र मानव अधिकार सुनिश्चित गर्ने मोर्चाले लक्ष्य लिएको छ। मोर्चाले बहुजातीय, बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक नेपाली समाजको विविधतालाई सम्मान गर्दै पछाडि पारिएका वर्ग तथा समुदायको उत्थानलाई प्राथमिकतामा राख्ने जनाएको छ।

यस्तै जात, जाति, वर्ग, लिङ्ग, भाषा, धर्म, संस्कृति, भूगोल वा समुदायका आधारमा हुने सबै प्रकारका असमानता, विभेद, बहिष्करण र अन्याय अन्त्य गर्ने प्रतिबद्धता पनि अवधारणा-पत्रमा व्यक्त गरिएको छ। मधेसी, आदिवासी जनजाति, थारू, महिला, दलित, मुस्लिम, पिछडावर्ग, अपाङ्गता भएका व्यक्ति, अल्पसंख्यक समुदाय, युवा, श्रमिक, किसान, ज्येष्ठ नागरिक तथा लैङ्गिक एवं यौनिक अल्पसंख्यकलगायत सबै समुदायलाई राज्यका सबै तहमा अर्थपूर्ण सहभागिता गराउन संघर्ष गर्ने मोर्चाले जनाएको छ।

समानुपातिक प्रतिनिधित्व, समान अवसर, राज्यका स्रोत-साधनमा समान पहुँच तथा समान सम्मानमा आधारित समतामूलक लोकतान्त्रिक समाज निर्माण आफ्नो उद्देश्य रहेको मोर्चाको अवधारणा पत्रमा उल्लेख छ। मोर्चाले पारदर्शी, जवाफदेही र भ्रष्टाचारमुक्त शासन प्रणाली, स्वतन्त्र न्यायपालिका, सक्षम सार्वजनिक प्रशासन तथा गुणस्तरीय र सर्वसुलभ शिक्षा एवं स्वास्थ्य सेवाको विकासलाई पनि आफ्नो प्राथमिकतामा राखेको छ । आर्थिक समृद्धि, सामाजिक न्याय र दिगो विकासलाई आधार बनाएर न्यायपूर्ण एवं समतामूलक समाज निर्माणका लागि पूर्ण प्रतिबद्धताका साथ अघि बढ्ने घोषणा मोर्चाले गरेको छ। अवधारणा पत्रमा जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव, जनमत पार्टीका अध्यक्ष डा. सीके राउत, आम जनता पार्टीका अध्यक्ष प्रभु साह, नागरिक उन्मुक्ति पार्टी, नेपालका संरक्षक रेशमलाल चौधरी, प्रगतिशील लोकतान्त्रिक पार्टीका अध्यक्ष सन्तोष परियार, नेपाल संघीय समाजवादी पार्टीका अध्यक्ष रिजवान अन्सारी, बहुजन एकता पार्टी, नेपालका अध्यक्ष डा. हरिनन्दन कुमार रञ्जन र खम्बुवान राष्ट्रिय मोर्चाका अध्यक्ष रामकुमार राईले हस्ताक्षर गरेका छन्।




**अधिनायकवाद मौलाउँदै गएको छ : यादव**

जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले जेनजी आन्दोलनका कारण देशको स्वाधीनता खतरामा परेको बताएका छन्। शनिबार आठ दलको अग्रगामी मोर्चा घोषणा कार्यक्रममा बोल्दै उनले सो कुरा बताएका हुन् । अध्यक्ष यादवले देशको स्वाधीनता खतरामा परेका कारण अग्रगामी मोर्चा गठन गरिएको बताए । देशमा धैरै राजनीति परिवर्तन भएको तर उत्पीडित समुदायले न्याय नपाएको बताउँदै उनीहरूलाई न्याय दिलाउन अग्रगामी मोर्चा अगाडि बढेको उनले बताए।

देशमा सर्वसत्तावाद आएको र यसले अधिनायकवाद जन्माउने बताउँदै उनले जनताले प्राप्त गरेको उपलब्धिमाथि प्रहार भएको उनको भनाइ छ। प्राप्त उपलब्धिको रक्षाका लागि मोर्चा अघि बढेको बताउँदै यादवले संविधान समावेशी बनाउनका लागि मोर्चाले सङ्घर्ष गर्ने बताए। अध्यक्ष यादवले अहिलेको संविधान संशोधन हुन आवश्यक रहेको समेत बताए । 'देशमा न सुशासन छ, न भ्रष्टाचार अन्त्य भएको छ, आर्थिक रूपमा देश जर्जर भयो।'- यादवले भने।

देशको अग्रगामी परिवर्तनका लागि जनता जागिसकेको बताउँदै उनले जनताको बलमा यो मोर्चा गठन भएको बताए। यो अभियानलाई सरकारले सम्मान गर्नुपर्ने बताउँदै उनले सबैका लागि अग्रगामी परिवर्तन नभए मोर्चाले सङ्घर्ष गर्ने जनाए। आगामी दिनमा अन्य परिवर्तनकामी सङ्गठनहरू पनि मोर्चामा सहभागी हुने बताउँदै उनले विभेदमा परेकाहरू साझा मोर्चा जोडिने बताए। यो मोर्चाबाट कोही आतङ्कित हुनु नपर्ने बताउँदै उनले जनताको अधिकारका लागि यो गठन भएको बताए। उनले सबै राजबन्दीलाई रिहा गर्न समेत सरकारसँग माग गरे। यादवले मुलुक राजनीतिक अन्योल अनिश्चिततातर्फ गइरहेको पनि बताए। उनले संवैधानिक निकाय र मन्त्रालयहरू स्वतन्त्र रूपमा काम गर्न नसकी निष्प्रभावी भएको जिकिर गरे।

अध्यक्ष यादवले अहिले अधिनायकवाद मौलाउँदै गएको टिप्पणी गरे। 'निर्णय प्रक्रिया र शक्तिको केन्द्रीकरण एकै ठाउँमा हुनु सर्वसत्तावादको परिचायक हो। यस्तो प्रवृत्तिले अन्ततः अधिनायकवादलाई जन्म दिन्छ र लोकतान्त्रिक मूल्य-मान्यतालाई समाप्त पार्छ।'- यादवले भने।

विगतका जनआन्दोलन, मधेश जनविद्रोह तथा आदिवासी जनजाति र थारूलगायतका आन्दोलनबाट प्राप्त संघीयता, समावेशिता, लोकतन्त्र, गणतन्त्र र धर्मनिरपेक्षता जस्ता उपलब्धिमाथि राज्यकै तर्फबाट प्रहार भइरहेको उनको भनाइ छ । संविधानबाट प्राप्त उपलब्धिको रक्षा गर्दै बाँकी अधिकार प्राप्तिका लागि नै मोर्चा निर्माण गरिएको यादवले बताए। संविधान निर्माण प्रक्रियामाथि प्रश्न उठाउँदै यादवले विगतमा संविधानसभाबाट संविधान जारी नभई केही दलहरूले 'संविधानको किताव' मात्र पारित गराएको टिप्पणी गरे । संविधान संशोधनमार्फत् विभेद र असमानता अन्त्य गर्नुपर्नेमा उनले जोड दिए।

मुलुकमा सुशासनको अभाव, बढ्दो भ्रष्टाचार, कमजोर शान्ति-सुरक्षा र जर्जर आर्थिक अवस्था उल्लेख गर्दै उनले वैदेशिक ऋणको भारले अर्थतन्त्र थप संकटमा परेको बताए। उनले मोर्चा कसैको सत्ता पल्टाउनका लागि मात्र नभई मुलुकमा सामाजिक न्याय, सुरक्षा र अग्रगामी परिवर्तन सुनिश्चित गर्नका लागि क्रियाशील रहने जनाए।

**मोर्चा जनताको अभिभावक बन्छ : डा. सिके**

जनमत पार्टीका अध्यक्ष डा. सीके राउतले जनताको चाहनाअनुसार अग्रगामी मोर्चा गठन भएको बताएका छन्। राउतले देश सङ्कटमा परेका बेला यो कदम चालिएको स्पष्ट पारेका हुन्।

जब-जब देशमा सङ्कट आएको छ, तब-तब शक्तिहरू एकीकृत भएको स्मरण गराउँदै उनले २००७ सालअघि वा पछि पनि यसरी नै सङ्गठित भएर अगाडि बढेको उल्लेख गरे। विगतमा आफूहरूबाट भएका गल्तीहरू सुधारेर अगाडि बढ्ने प्रतिबद्धतासहित मोर्चा गठन गरिएको उनले बताए। मोर्चाको उद्देश्यबारे प्रष्ट पार्दै राउतले भने-'मोर्चा सङ्घर्षका लागि बनेको हो, सत्ताका लागि होइन । अधिकारका लागि यो मोर्चा गठन भएको हो, यसले जनताको अभिभावक भएर काम गर्नेछ।'

**देश इतिहासकै संकटपूर्ण अवस्थामा : जनार्दन**

प्रगतिशील लोकतान्त्रिक पार्टीका नेता जनार्दन शर्माले देश इतिहासकै सङ्कटपूर्ण अवस्थामा पुगेकाले साझा अभियानका रूपमा अग्रगामी मोर्चा गठन गरिएको बताएका छन्।

शर्माले लोकतान्त्रिक समाजलाई आत्मसात् गरी सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्न मोर्चा बनाइएको प्रस्ट पारेका हुन्।

» बाँकी ३ पेजमा

# पुनःस्थापना र क्षतिपूर्तिको माग गर्दै सुकुम्वासीहरू आन्दोलित

गत बैशाखमा सरकारले कुनै दीर्घकालीन योजनाबिना बस्तीमा डोजर चलाउँदा २ हजार ६१६ घरधुरीका ११ हजार ९ जना व्यक्ति विस्थापित भएका छन्।



**लुम्बिनी संवाददाता**
*बुटवल*

वैकल्पिक व्यवस्थापनबिना सरकारले हटाएको सुकुम्वासी बस्तीका प्रभावितहरू फेरि आन्दोलित भएका छन्। संयुक्त राष्ट्रिय सुकुम्वासी मोर्चा नेपाल, काठमाडौं उपत्यका विशेष समितिको आयोजनामा भक्तपुरको मनहरा बस्तीमा डोजर चलाइएको करिब चार महिनापछि सुकुम्वासीहरु आन्दोलित भएका हुन्।

मोर्चाले प्रभावित परिवारको तत्काल व्यवस्थापन गर्न माग गर्दै भदौ १२ गतेसम्म माग सम्बोधन नभए अनिश्चितकालीन शान्तिपूर्ण सत्याग्रह सुरु गर्ने घोषणा गरेको छ। 'आवास अधिकार, भूस्वामित्व र सामाजिक न्यायका लागि' भन्दै मोर्चाले मुख्य तीन माग अघि सारेको छ।

विस्थापित परिवारलाई भूस्वामित्वसहित स्थायी पुनर्स्थापना गर्नुपर्ने, घरटहरा तथा सामान भत्काउँदा भएको क्षतिको उचित मूल्याङ्कन गरी क्षतिपूर्ति दिनुपर्ने र प्रभावित परिवारसँग तत्काल संवाद गरी समयसीमासहितको पुनर्स्थापना योजना सार्वजनिक गर्नुपर्ने उसको माग छ । होल्डिङ सेन्टरलाई अल्पकालीन व्यवस्थापनमा मात्र सीमित राखी महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिको विशेष संरक्षण सुनिश्चित गर्न पनि मोर्चाले माग गरेको छ । त्यस्तै भूमिहीन, सुकुम्वासी तथा अव्यवस्थित बसोवासीको लगत संकलन, प्रमाणीकरण, नापजाँच तथा निस्सा वितरणको प्रक्रिया अविलम्ब अघि बढाउन सरकारसँग आग्रह गरिएको छ।

मोर्चाले साउन २२ गतेदेखि चरणबद्ध आन्दोलनका कार्यक्रम सार्वजनिक गरेको छ । जसअनुसार विभिन्न स्थानीय तह तथा भूमि समस्या समाधान समितिका कार्यालयमा ज्ञापनपत्र बुझाउने र राष्ट्रिय मानवअधिकार आयोगमा ध्यानाकर्षण गराउने कार्यक्रम छ। त्यस्तै भदौ ४ गते माइतीघर मण्डलामा खबरदारी सभा गर्ने तथा भदौ ७ गते नागरिक समाज, राजनीतिक दल, मानवअधिकारकर्मी, कानुन व्यवसायी, बुद्धिजीवी र सञ्चारकर्मीसँग अन्तरक्रिया गर्ने तय गरिएको छ।

भदौ १२ गतेदेखि अनिश्चितकालीन शान्तिपूर्ण सत्याग्रह सुरु गर्ने र माग सम्बोधन नभए आन्दोलन थप कठोर बनाउने चेतावनी मोर्चाले दिएको छ । थापाथली, शान्तिनगर, गैरीगाउँ, मनहरा र जडीबुटीलगायतका क्षेत्रमा लामो समयदेखि बसोबास गर्दै आएका भूमिहीन परिवारलाई वैकल्पिक व्यवस्थापन र कानुनी प्रक्रियाबिना बलपूर्वक विस्थापित गरिएको आरोप लगाइएको छ।

मोर्चाका इञ्चार्ज दल मर्दन कामी, अध्यक्ष कुमार राई र सचिव अरुण बस्नेतले जारी गरेको घोषणापत्रमा आवासलाई संवैधानिक अधिकारका रूपमा सुनिश्चित गर्दै सम्मानजनक भूस्वामित्वसहितको पुनर्स्थापनाको व्यवस्था गर्न सरकारसँग माग गरिएको छ।

काठमाडौं उपत्यकालगायत देशभरका नदी किनारामा बसोबास गर्ने भूमिहीन सुकुम्वासीहरूलाई पर्याप्त तयारी र विकल्पबिना डोजर चलाएर उठीबास लगाएको विषयमा प्रतिनिधिसभामा 'जरुरी सार्वजनिक महत्वको प्रस्ताव' दर्ता भैसकेको छ।

कांग्रेस सांसद भीष्मराज आङ्देम्बे प्रस्तावक र एमाले सांसद ऐन बहादुर महर, नेकपा सांसद युवराज दुलाल तथा श्रम संस्कृति पार्टीका सांसद हर्क राज राई समर्थक रही असार ३१ गते दर्ता भएको प्रस्तावमाथि प्रतिनिधि सभामा छलफल पनि सुरु भइसकेको छ। प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसको अगुवाइमा दर्ता भएको प्रस्तावमा उल्लेख भएअनुसार सरकारले २०८३ बैशाखमा कुनै दीर्घकालीन योजनाबिना नै डोजर चलाउँदा २ हजार ६१६ घरधुरीका ११ हजार ९ जना व्यक्ति विस्थापित भएका छन् । उनीहरूलाई अस्थायी रूपमा होटल, आश्रम र सरकारी तालिम केन्द्रहरूमा राखिएको भएता पनि त्यहाँको अवस्था अत्यन्तै कष्टकर रहेको प्रस्तावमा उल्लेख छ।

संसदीय अनुगमनका क्रममा होल्डिङ सेन्टरको एउटै कोठामा ५ वटासम्म परिवार राखिएको, स्वच्छ खानेपानी, शौचालय, पौष्टिक खाना र औषधिको अभाव रहेको पाइएको छ। सुत्केरी, शिशु, ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरू थप जोखिममा परेको प्रस्तावमा उल्लेख छ।

बस्ती भत्काएपछि विस्थापितहरूमा गम्भीर मनोसामाजिक आघात पुगेको प्रस्तावमा उल्लेख छ। 'घर भत्केको हेर्न सक्दिनँ' भन्दै ६१ वर्षीय इन्द्रबहादुर राईको मृत्यु भएको र काठमाडौंमा दुई जनाले आत्महत्या समेत गरेको विषयलाई प्रस्तावमा गम्भीरताका साथ उठाइएको छ। यस्तै, बालबालिकाहरूको पुस्तक, पोसाक र शैक्षिक सामग्री नष्ट हुनुका साथै उनीहरूको विद्यालय जाने वातावरण समेत अवरुद्ध भएको छ।

सांसदहरूले नेपालको संविधानको धारा ३७ (आवासको हक), धारा ४० (दलितको हक) र धारा ३९ (बालबालिकाको हक) को उल्लङ्घन भएको दाबी गरेका छन् । साथै, सर्वोच्च अदालतले २०८३ बैशाख २५ गते उचित प्रक्रिया पूरा नगरी सुकुम्वासीलाई जबरजस्ती नहटाउन र विस्थापितलाई आवास तथा खाद्य सहायता सुनिश्चित गर्न दिएको अन्तरिम आदेशको समेत सरकारले पालना नगरेको उल्लेख छ।

» बाँकी ३ पेजमा

सिद्धार्थ पब्लिकेशन(प्रा.लि.)द्वारा प्रकाशित
विश्वसनीय समाचारको
विश्वासिलो साथी
दैनिक लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक
अनलाइन संस्करण lumbinipatrika.com
स्वतन्त्र र निष्पक्ष
जनताको लोकप्रिय पत्रिका
निजी क्षेत्रबाट निरन्तर प्रकाशित नेपालको राष्ट्रिय दैनिक 'दैनिक लुम्बिनी' सत्य, तथ्य र विश्वसनीय समाचारको माध्यमबाट जनअपेक्षी समाज र समृद्ध राष्ट्र निर्माणमा समर्पित।
स्वतन्त्र
कुनै पनि राजनीतिक वा आर्थिक स्वार्थबाट स्वतन्त्र रही सत्यको पक्षमा।
निष्पक्ष
सबै पक्षलाई समान दृष्टिले हेर्ने निष्पक्ष र वस्तुनिष्ठ पत्रकारिता।
जनताको लोकप्रिय
जनतासँग नजिक, जनताको कुरा उठाउने, जनविश्वासको प्रतिक।
तथ्यपरक समाचार, गहन विश्लेषण र सशक्त सम्पादकीयका साथ
तपाइँको भरोसा, हाम्रो प्रतिबद्धता
राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समाचार | गहन विश्लेषण र अनुसन्धान | समाज, अर्थतन्त्र, राजनीति, शिक्षा, स्वास्थ्य र खेलकुद | फोटो समाचार र विशेष रिपोर्ट | विचार, सम्पादकीय र साहित्य
सम्पर्क ०७१-५३०६४०, ५३७६४० | WWW.lumbininews@gmail.com | बुटवल-११, माझगाउँ रूपन्देही, लुम्बिनी प्रदेश, नेपाल

## सम्पादकीय

# लुम्बिनीबारे सकारात्मक पहलकदमी

विश्व सम्पदा सूचीमा सूचीकृत लुम्बिनी युनेस्कोको 'खतरामा रहेका विश्व सम्पदा'को सूचीमा पर्नबाट जोगिएको छ। लगातार तीन वर्षदेखि खतराको सूचीबाट पर्नबाट जोगिनुलाई सकारात्मक मान्नुपर्छ।

दक्षिण कोरियाको बुसानमा सम्पन्न युनेस्को विश्व सम्पदा समितिको ४८औं सत्रले लुम्बिनीमा भएका संरक्षण, व्यवस्थापन र सुधारका प्रयासलाई सकारात्मक रूपमा मूल्यांकन गरेको छ। सुधारका काम जारी रहेकाले तत्काल खतराको सूचीमा नराख्ने निष्कर्ष निकालेको युनेस्कोले लुम्बिनीसँग सम्बन्धित जोखिम पूर्ण अवस्था हटिनसकेको बताएको छ। युनेस्कोले संरक्षणका कामलाई थप प्रभावकारी बनाउन १३ बुँदे निर्देशन दिएको छ। युनेस्कोको एक मिशनले पवित्र उद्यानभित्र रहेका पुरातात्विवक संरचनाको सुरक्षा सुनिश्चित गर्न, पुरातात्विक जोखिम नक्सा प्रयोग गर्न, मायादेवी मन्दिर संरक्षणको दीर्घकालीन योजना बनाउन तथा विश्व बैंकको प्रस्तावित परियोजना कार्यान्वयनअघि सम्पदा प्रभाव मूल्यांकन गर्न निर्देशन दिएको छ। त्यसैगरी, केन्जो टांगे गुरुयोजनाको पुनरावलोकन, एकीकृत व्यवस्थापन संरचनाको प्रभावकारी कार्यान्वयन, बौद्ध धर्मसँग सम्बन्धित अमूर्त सांस्कृतिक सम्पदाको संरक्षण, तीर्थयात्री सेवामा बौद्ध समुदायको सहभागिता र वायु तथा ध्वनि प्रदूषण नियन्त्रणमा पनि जोड दिएको छ। समितिले यी १३ बुँदे सिफारिस कार्यान्वयनको प्रगति समेटिएको 'स्टेट अफ कन्जर्भेसन रिपोर्ट' (एसओसी) २०२७ फेब्रुअरी १ भित्र युनेस्को मुख्यालयमा बुझाउन नेपाललाई निर्देशन दिएको छ। अब सुधारका काम इमान्दारीपूर्वक गरी प्रतिवेदन बुझाउन अग्रसरता लिदा नै खतराको सूचीबाट बाहिर निस्कन बल पुग्छ।

लुम्बिनी विकास कोषले अशोक स्तम्भ, मार्कर स्टोन र मायादेवी मन्दिर परिसरका संरचनाको संरक्षण, चुहावट नियन्त्रण, सरसफाइ, रंगरोगन, विद्युत् तथा अन्य आधारभूत व्यवस्थापनमा सुधार गरेको छ। भैरहवा-बुटवल क्षेत्रका उद्योगले प्रदूषण बढाएकोले सम्पदाहरुलाई क्षति पुऱ्याएकोले समयसीमा तोकेर अदालतले उद्योग सार्न परमादेश जारी गरेको छ। अब कुनै बहानामा प्रदूषण फैलाउने उद्योग लुम्बिनी आसपास रहने छैनन्। युनेस्कोले चेतावनी दिँदादिँदै पनि संरक्षण र सुधारमा पहलकदमी नलिएको नेपालका पछिल्ला प्रयास सकारात्मक छन्। सुधार, संरक्षणमुखी कार्यक्रम र नीतिगत स्पष्टताले सकारात्मक परिणाम दिएको छ। लुम्बिनी विकास कोषलगायत सरोकारवाला निकायले सम्पदास्थलमा गर्नुपर्ने र गर्न नहुने कामबारे अझै गम्भीर बन्न आवश्यक छ। युनेस्कोको खतराको सूचीमा पर्नुको अर्थ नेपाल सम्पदा संरक्षणमा गम्भीर छैन भन्ने सन्देश विश्वभर प्रवाह हुन्थ्यो। यसले नेपालको अन्तर्राष्ट्रिय समुदाय माझ अविश्वास र आशंका बढाउने काम गर्दथ्यो। नेपालको प्रतिष्ठामा आँच आउँथ्यो। मुलुकको प्रतिष्ठा जोगाउने अभियानमा सबैले साथ दिन आवश्यक छ। मुल विषय सरोकारवाला निकाय जिम्मेवार हुनु अपरिहार्य छ।

# दुःखले सिकाउने शिक्षा



डा. नम्रता पाण्डे



सुन खारिएपछि मात्र गहना बन्छ, हिरा दबाबपछि मात्र चम्किन्छ र मानिस पनि सङ्घर्षपछि मात्र परिपक्व बन्छ। जीवनमा कठिन समय आउँदा डराउनु पर्दैन; त्यसलाई आत्मविश्वास, धैर्य, विवेक र आध्यात्मिक चेतनाका साथ स्वागत गर्नु पर्छ। यही सङ्घर्षले भविष्यको सफलता, शान्ति र आनन्दको आधार तयार गर्छ। जीवन रहुन्जेल उतारचढाव आइरहन्छन्।

सामान्यतया, जब मानिसका इच्छा, अपेक्षा वा आवश्यकता अनुसारको परिस्थिति हुँदैन, तब उत्पन्न हुने असन्तुष्टि, पीडा वा वेदनालाई दुःख भनिन्छ। दुःख जीवनको स्वाभाविक यथार्थ हो, जसले मानिसलाई आत्मचिन्तन, परिपक्वता र आत्मविकासतर्फ प्रेरित गर्छ। जीवनमा आउने दुःख र कठिनाइलाई धेरैले अभिशाप ठान्छन्। गहिरो रूपमा हेर्ने हो भने दुःख जीवनको सबैभन्दा महान् शिक्षक हो। सुखले हामीलाई केही समयका लागि आनन्द दिन्छ, तर दुःखले हाम्रो चेतना, धैर्य, विवेक र आत्मबललाई परिष्कृत गर्छ। इतिहासका अधिकांश महान् व्यक्तित्व दुःख र सङ्घर्षको आगोमा खारिएर नै उज्यालो बनेका हुन्। दुःखबाट भाग्ने होइन, त्यसलाई बुझ्ने र त्यसबाट सिक्ने मानिस नै अन्ततः सफल र परिपक्व बन्छ। विपरीत परिस्थिति मानिने दुःखले जीवनमा सिकाइ पनि दिन्छ। त्यसमध्ये १० शिक्षालाई जानौं।

कुनै पनि अवस्था स्थायी हुँदैन : आजको दुःख भोलिको अनुभव बन्छ र आजको सुख पनि सधैँ रहँदैन। यस सत्यलाई स्वीकार गर्ने मानिस परिस्थितिले सजिलै हल्लाउन सक्दैन।

धैर्यको मूल्य : कठिन समयले प्रतीक्षा गर्न, सही समयको महत्व बुझ्न र हतारमा निर्णय नगर्न सिकाउँछ।

आत्मविश्वास : जब सबै बाटो बन्द भएको जस्तो लाग्छ र मानिस आफ्नै प्रयासले अगाडि बढ्छ, त्यही बेला उसले आफ्नो वास्तविक शक्ति चिन्छ।

सम्बन्धको पहिचान : सुखमा धेरै साथ हुन्छन् तर दुःखमा को आफ्ना हुन् भन्ने स्पष्ट हुन्छ। कठिन समयले वास्तविक सम्बन्ध र कृत्रिम सम्बन्ध छुट्याइदिन्छ।

विनम्रता : सफलता कहिलेकाहीँ अहङ्कार ल्याउन सक्छ तर दुःखले मानिसलाई नम्र, संवेदनशील र मानवताको नजिक बनाउँछ।

कृतज्ञता : कठिनाइ भोगेपछि सामान्य स्वास्थ्य, परिवार, मित्रता र शान्त जीवनको मूल्य अझ गहिरो रूपमा बुझिन्छ।

आत्मचिन्तन : दुःखको समयमा मानिस आफ्नो जीवन, सोच र कर्मको समीक्षा गर्न थाल्छ। यही आत्मविश्लेषणबाट परिवर्तनको सुरुवात हुन्छ।

सहनशीलता : प्रत्येक कठिन अनुभवले मानिसलाई अझ बलियो बनाउँछ। जति धेरै चुनौती पार गरिन्छ, त्यति नै मानसिक क्षमता बढ्दै जान्छ।

करुणा : आफूले पीडा भोगेका मानिसले अरूको पीडालाई सजिलै महसुस गर्न सक्छ। दुःखले हृदयलाई कोमल र दयालु बनाउँछ।

जीवनको वास्तविक अर्थ : अन्ततः मानिसले बुझ्न थाल्छ कि जीवनको उद्देश्य केवल धन, पद वा प्रसिद्धि होइन; आत्मविकास, प्रेम, सेवा र आन्तरिक शान्ति नै जीवनका वास्तविक उपलब्धि हुन्।

महान् व्यक्तित्वका दृष्टिमा दुःख र जीवन मानव सभ्यताको इतिहास हेर्दा एउटा रोचक तथ्य स्पष्ट देखिन्छ-जुन व्यक्तिले संसारलाई गहिरो ज्ञान, प्रेरणा र नयाँ दृष्टिकोण दिएका छन्, उनीहरूको जीवन पनि सङ्घर्ष, दुःख र कठिनाइबाट मुक्त थिएन। उनीहरूले दुःखलाई अभिशाप मानेनन्; बरु आत्मपरिवर्तन, चेतनाको विकास र मानवताको सेवाको अवसरका रूपमा ग्रहण गरे। त्यसैले उनीहरूका विचार आज पनि लाखौँ मानिसका लागि प्रेरणाको स्रोत बनेका छन्।

**बुद्धको शिक्षा**

गौतमबुद्धले आफ्नो शिक्षाको आधार नै 'दुःख' लाई बनाउनुभयो। उहाँले भन्नुभयो- "जीवनमा दुःख छ, यो यथार्थ हो; दुःखको अन्त्य सम्भव छ।" बुद्धका अनुसार मानिसका पीडाको मुख्य कारण बाहिरी संसार होइन, बरु मनभित्रको तृष्णा, मोह र आसक्ति हो। हामी परिवर्तनशील वस्तुलाई स्थायी बनाउन खोज्छौँ, त्यसैले दुःखी हुन्छौँ। बुद्धले मध्यममार्ग, सचेतना र ध्यानका माध्यमबाट मनलाई वर्तमान क्षणमा स्थिर राख्न सिकाउनुभयो। उहाँको सन्देश स्पष्ट छ-दुःखबाट भाग्दा दुःख बढ्छ तर त्यसलाई सचेत रूपमा बुझ्दा मुक्तिको ढोका खुल्छ।

**ओशोको दृष्टिकोण**

आचार्य रजनीश (ओशो) ले जीवनलाई नियन्त्रण गर्ने होइन, अनुभव गर्ने कला सिकाउनुभयो। उहाँका अनुसार मानिस विगतको पश्चात्ताप र भविष्यको चिन्तामा यति अल्झिएको हुन्छ कि वर्तमानको आनन्द नै हराउँछ। ओशो भन्नुहुन्छ- "जीवन नदी जस्तै हो, त्यसलाई बग्न देऊ।" जब हामी जीवनको प्रवाहसँग बग्न सिक्छौँ, तब दुःख पनि बोझ होइन, चेतनाको विकास गर्ने साधन बन्न पुग्छ। ओशोले वर्तमान क्षणमा पूर्ण रूपमा बाँच्न, हाँस्न, प्रेम गर्न, ध्यान गर्न र आफूलाई स्वीकार गर्न प्रेरणा दिनुहुन्छ। उहाँका विचारले सिकाउँछ कि बाहिरी परिस्थितिले होइन, भित्री चेतनाले सुख र दुःख निर्धारण गर्छ।

**स्वामी विवेकानन्द**

स्वामी विवेकानन्दले युवालाई सधैँ निर्भिक हुन प्रेरित गर्नुभयो। उहाँको प्रसिद्ध भनाइ छ-"उठ, जाग र लक्ष्य प्राप्त नभएसम्म नरोक।" उहाँका अनुसार सङ्घर्ष जीवनको अभिन्न अङ्ग हो। कठिनाइले मानिसलाई कमजोर बनाउँदैन; सही दृष्टिकोण अपनाइयो भने त्यसले व्यक्तित्वलाई अझ सशक्त बनाउँछ। विवेकानन्दले आत्मविश्वासलाई सफलताको आधार मान्नुभयो। उहाँ भन्नुहुन्थ्यो-"यदि तिमी आफूमाथि विश्वास गर्न सक्दैनौँ भने संसारका कुनै शक्तिले पनि तिमीलाई सफल बनाउन सक्दैन।

**सन्त कबिर**

सन्त कबिरदासको प्रसिद्ध दोहा छ- 'धिरे-धिरे रे मना, धिरे सब कुछ होय। माली सींचे सौ घडा, ऋतु आए फल होय॥' यस दोहाले जीवनको गहिरो सत्य व्यक्त गर्छ। मालीले सय घडा पानी हाले पनि फल आफ्नै समयमा मात्र लाग्छ। जीवनमा सफलता, सम्मान, ज्ञान र समृद्धि पनि धैर्य, निरन्तरता र समयसँगै प्राप्त हुन्छ। हतारले उपलब्धि होइन, निराशा जन्माउँछ।

**रमण महर्षि**

रमण महर्षिले मानिसलाई बारम्बार एउटा प्रश्न सोध्न प्रेरित गर्नुभयो-'म को हुँ ?' उहाँका अनुसार जीवनका धेरै दुःख बाहिरी घटनाबाट होइन, आफूलाई केवल शरीर, पद वा सम्पत्तिसँग जोडेर हेर्ने गलत पहिचानबाट उत्पन्न हुन्छन्। जब मानिसले आफ्नो वास्तविक आत्मस्वरूपलाई चिन्न थाल्छ, तब बाहिरी उतारचढावले उसको शान्तिलाई धेरै प्रभावित गर्न सक्दैन। उहाँ भन्नुहुन्छ -"यदि कुनै समस्याको समाधान छ भने चिन्ता किन गर्ने ? समाधान नै छैन भने पनि चिन्ताले केही परिवर्तन गर्दैन।" यो दृष्टिकोणले मानिसलाई व्यर्थको तनावबाट मुक्त गराउँछ र समाधानमुखी सोच विकसित गर्छ।

आजको नेपाली समाजमा हामी अनुभूति गर्न सक्छौँ- धेरै मानिस आर्थिक कठिनाइ, वैदेशिक रोजगारी, बेरोजगारी, प्राकृतिक विपत्ति, पारिवारिक विखण्डन, स्वास्थ्य समस्या र सामाजिक दबाबका कारण मानसिक तनावको सामना गरिरहेका छन्। यस्तो परिस्थितिमा निराश हुनु स्वाभाविक भए पनि आशा गुमाउनु उचित होइन। हाम्रा पूर्वजले दुःखलाई धैर्य, श्रम, विश्वास र सामूहिक सहयोगका माध्यमबाट पार गरेका थिए। नेपाली संस्कृतिले 'सन्तोष', 'सहयोग', 'धैर्य' र 'परिश्रम' लाई जीवनका आधारभूत मूल्यका रूपमा स्थापित गरेको छ। आज पनि यदि परिवार, समाज र आध्यात्मिक मूल्यसँग जोडिएर जीवन जिउन सकियो भने कठिन परिस्थितिलाई सहज रूपमा सामना गर्न सकिन्छ।

जीवन एउटा विद्यालय हो, जहाँ प्रत्येक दिन नयाँ पाठ सिकाइन्छ। कहिले सफलता शिक्षक बन्छ, कहिले असफलता। कहिले प्रशंसा प्रेरणा बन्छ, कहिले आलोचना सुधारको अवसर। कहिले आँसुले हाम्रो हृदय सफा गर्छ, त कहिले मुस्कानले अरूको जीवन उज्यालो बनाउँछ। जीवनसँग गुनासो गर्नुभन्दा जीवनलाई धन्यवाद दिन सिकौँ। किनकि हरेक चुनौतीले हाम्रो क्षमता बढाएको छ, हरेक असफलताले नयाँ बाटो देखाएको छ, हरेक पीडाले हामीलाई अझ संवेदनशील बनाएको छ र हरेक सङ्घर्षले हामीलाई आजको हामी बनाएको छ।

सुन खारिएपछि मात्र गहना बन्छ, हिरा दबाबपछि मात्र चम्किन्छ र मानिस पनि सङ्घर्षपछि मात्र परिपक्व बन्छ। जीवनमा कठिन समय आउँदा डराउनु पर्दैन; त्यसलाई आत्मविश्वास, धैर्य, विवेक र आध्यात्मिक चेतनाका साथ स्वागत गर्नु पर्छ। यही सङ्घर्षले भविष्यको सफलता, शान्ति र आनन्दको आधार तयार गर्छ। जीवन रहुन्जेल उतारचढाव आइरहन्छन्। त्यसैले परिस्थितिसँग होइन, आफ्नो सोचसँग मित्रता गरौँ। आशा कहिल्यै नछोडौँ, प्रयास कहिल्यै नरोकौँ र हरेक नयाँ बिहानलाई नयाँ सम्भावनाका रूपमा स्वागत गरौँ। यही नै सफल, सन्तुलित र सार्थक जीवनको वास्तविक मार्ग हो।

**मनोवैज्ञानिक र आध्यात्मिक विश्लेषण**

मनोविज्ञानका अनुसार मानिसका दुःखको मुख्य कारण बाह्य घटना मात्र होइन, ती घटनाप्रति उसले बनाएको मानसिक व्याख्या हो। एउटै घटना कसैका लागि अवसर हुन सक्छ भने अर्काका लागि ठुलो सङ्कट। यसका कारण मानिसको सोच्ने शैली, विश्वास, अनुभव र भावनात्मक परिपक्वता हो। जब मानिस नकारात्मक विचारको चक्रमा फस्छ, तब सानो समस्या पनि असाध्यै ठुलो देखिन थाल्छ। यस अवस्थालाई आधुनिक मनोविज्ञानले सानो समस्यालाई अत्यधिक ठुलो सङ्कटका रूपमा कल्पना गर्ने प्रवृत्ति भन्छ। यस्तो अवस्थामा डर, चिन्ता, निराशा र आत्मविश्वासको कमी बढ्दै जान्छ। आध्यात्मिक दृष्टिकोण भने अझ फराकिलो छ। आध्यात्मिकता भन्छ- समस्या बाहिर होइन, हाम्रो चेतनाको स्तरमा हुन्छ। जब मन अशान्त हुन्छ, संसार पनि अशान्त देखिन्छ। जब मन शान्त हुन्छ, त्यही संसार अवसरले भरिएको देखिन्छ। बाहिरी परिस्थिति परिवर्तन गर्नुभन्दा पहिले आफ्नै मनलाई बुझ्न र व्यवस्थापन गर्न सिक्नु पर्छ।

गोपबाट

# पर्यटक बढाउन १ अर्बको हवाई टिकट अनुदान दिऊँ



युविका भण्डारी



हामी सबैलाई थाहा छ, सम्भावनाको कुनै आयतन हुँदैन। हाम्रो देश नेपालसँग भएको प्राकृतिक, सांस्कृतिक र धार्मिक वैभवको पर्यटकीय सम्भावनाको आयतन कुनै अंकमा सीमित गर्न सकिँदैन। सम्भावनाको सीमा बढाउन नेपालले गर्नुपर्ने काम भने थुप्रै छन्। यसका लागि हाम्रा नीति, नियम र व्यवहारमा परिवर्तन हुनुपर्छ।

यसका लागि हामीले काम गर्नुपर्ने तमाम विषयमध्ये एउटा हवाई भाडा प्रमुख विषय हो। जब नेपाल आउन चाहने कुनै पर्यटकले टिकटको मूल्य हेर्छ, उसको उत्साह मूल्यकै कारण सेलाउन पुग्छ। नेपालका प्रतिस्पर्धी गन्तव्य मुलुक थाइल्यान्ड, श्रीलङ्का वा भियतनामको तुलनामा नेपालसँगको हवाई पहुँच मूल्यका हिसाबले महँगो छ। हवाई टिकट महँगो हुनु नै नेपालको पर्यटन विस्तारको सबैभन्दा ठूलो 'संरचनागत अवरोध' बनेको छ।

सन् २०२५ मा विदेशबाट नेपाल आउने पर्यटकको तथ्याङ्कले हामीलाई निराश पार्छ। सो वर्ष नेपालले ११ लाख ५८ हजारभन्दा बढी पर्यटकलाई स्वागत गऱ्यो, जुन अघिल्लो वर्षको तुलनामा सामान्य वृद्धि हो। सन् २०१९ को तुलना गर्दा यो ३.२ प्रतिशतले न्युन हो। अर्कोतर्फ, पर्यटकको बसाइ अवधि १६.३४ दिन पुगे पनि प्रतिदिनको औसत खर्च घटेर ३३ डलरमा खुम्चिएको छ।

यसले पर्यटक नेपाल आइरहेको देखिए पनि गुणस्तरीय र धेरै खर्च गर्ने पर्यटकका लागि नेपाललाई अझै प्रतिस्पर्धी बनाउन नसकेको देखाउँछ। यही पृष्ठभूमिमा नेपाल एसोसिएसन अफ टुर एन्ड ट्राभल एजेन्ट्स (नाट्टा) ले दुई वर्षे 'लक्षित हवाई प्रोत्साहन' कार्यक्रमको प्रस्ताव अघि सारेको छ। यो सबैलाई सस्तो टिकट बाँड्ने योजना होइन, बरु रणनीतिक रूपमा बजार विस्तार गर्ने औजार हो।

यो हाम्रो पर्यटनका विविध समस्यामध्येको एउटा समस्या हो र यो पाइलट प्रोजेक्टलाई रणनीतिक रुपमा अघि बढाएर यसबाट फाइदा लिन सकिन्छ। मुलतः नेपालको पर्यटन सिजनमा आधारित छ।

मार्च-अप्रिल र अक्टोबर-नोभेम्बरमा जहाजका सिट भरिभराउ हुन्छन्, तर जुन, जुलाई र सेप्टेम्बरजस्ता महिनामा भने पर्यटकको संख्या घट्ने हुँदा हवाईजहाजको माग कम हुन्छ। एयरलाइन्सहरूले खाली सिटको जोखिमलाई भाडामा जोड्दा अफ-सिजनमा पनि टिकट निकै महँगो हुन पुग्छ। हामीले यही 'दुष्चक्र'लाई तोड्ने प्रस्ताव अघि सारेको हो।

यसको अर्थ नेपाल आउने सबै पर्यटकलाई अनुदान दिने भनिएको होइन। यो सुविधा अफ-सिजनमा नेपाल आउने, त्यसमा पनि काठमाडौँ बाहिर (पोखरा, भैरहवा) का गेटवे प्रयोग गर्ने र नेपालमा लामो समय बसेर खर्च गर्ने पर्यटकलाई लक्षित गरी 'हवाई क्रेडिट' दिने हो। यसका लागि चार आधारहरूमा छलफल गर्नु उपयुक्त हुनेछ।

अन्तर्राष्ट्रिय हवाई क्रेडिटः पर्यटकलाई अफ-सिजनका निश्चित रुटमा आधारभूत भाडाको १५ प्रतिशतसम्म सोधभर्ना दिने। तर, यो भुक्तानी टिकट काट्दा होइन, पर्यटकले यात्रा पूरा गरी अध्यागमन पार गरेपछि मात्र एयरलाइन्स वा एजेन्सीलाई दिइनेछ।

क्षेत्रीय पर्यटन विस्तारः पर्यटकलाई काठमाडौंमा मात्र सीमित नगर्न काठमाडौंदेखि बाहिर कम्तीमा तीन रात बस्ने गरी बनाइएका प्याकेजमा आन्तरिक उडानको भाडामा २५ प्रतिशतसम्म सहुलियत दिने। यसले पर्यटनको लाभ स्थानीय तहसम्म पुऱ्याउन मद्दत गर्छ।

नयाँ गेटवेका लागि प्रोत्साहनः यसैगरी पोखरा र गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा नियमित उडान भर्ने एयरलाइन्सका लागि 'भायबिलिटी ग्याप फन्डिङ' र कार्यसम्पादनमा आधारित विमानस्थल शुल्क छुटको व्यवस्था गर्ने।

नतिजामा आधारित भुक्तानीः यो प्रोजेक्टमा सरकारी बजेटको दुरुपयोग रोक्न डिजिटल प्रमाणीकरण प्रणाली लागू गरिनेछ। टिकट, पासपोर्ट, होटलको भ्याट बिल र अध्यागमन रेकर्ड भिडाएपछि मात्र राज्यले दायित्व व्यहोर्नेछ। हाम्रो प्रारम्भिक अनुमानअनुसार यसलाई सुरु गर्न सरकारले १ अर्ब लगानी गर्ने हो भने यसको एकदमै सकारात्मक नतिजा देखिनेछ।

हामीले प्रस्ताव गरेको यो एक अर्ब रुपैयाँको दुई वर्षे पाइलट कार्यक्रममा कतिपयले 'खर्च' मात्र देख्न सक्छन्। तर यो खर्च होइन, लगानी हो। यदि यो कार्यक्रमले ५० हजार मात्र थप (अतिरिक्त) पर्यटक ल्याउन सक्यो भने पनि त्यसबाट नेपालको अर्थतन्त्रमा करिब ३.६५ अर्ब रुपैयाँ सिधै भित्रिने देखिन्छ। यो लगानीले एक रुपैयाँ बराबर झन्डै ४ रुपैयाँको प्रत्यक्ष आम्दानी दिनेछ।

यस्तो कार्यक्रमबाट छिमेकी मुलुक भारत र हङकङले राम्रो नतिजा प्राप्त गरेका छन्। भारतले सञ्चालन गरेको 'उडान' योजना अनि हङकङको 'वर्ल्ड अफ विनर्स' मार्फत हवाई पहुँचलाई बजार प्रवर्द्धनको प्रमुख माध्यम बनाएका छन्।

त्यसैले नेपालले केवल विज्ञापनमा पैसा खर्च गरेर पुग्दैन, 'भ्यालु फर मनी' खोज्ने आधुनिक पर्यटकका लागि पहुँचको लागत घटाउनै पर्छ। त्यसका लागि नेपालले हवाई भाडा निजी एयरलाइन्सको व्यावसायिक विषय मात्र नभनी राष्ट्रिय पर्यटन नीतिको मुख्य हिस्सा बनाउनुपर्छ। नाट्टाको यो प्रस्तावले सरकारलाई थप वित्तीय भार थोपर्न खोजेको होइन; बरु थोरै लगानीबाट धेरै वैदेशिक मुद्रा आर्जन गर्ने र क्षेत्रीय विमानस्थललाई चलायमान बनाउने रणनीतिको विकास गर्न खोजेको हो।

हाम्रो अथाह पर्यटनको सम्भावनालाई उपयोग गर्न नीतिगत घोषणा होइन, प्रभावकारी योजनाको कार्यान्वयन आवश्यकता छ। यसका लागि हामीले हवाई भाडाको संरचनागत अवरोधलाई चिर्न सक्यौँ भने सन् २०२६ र त्यसपछिका वर्षहरू नेपालको पर्यटनका लागि सुनौला बन्दै जानेछन्।

(भण्डारी नेपाल एसोसिएसन अफ टुर एन्ड ट्राभल एजेन्ट्सको महासचिव हुन्।)

# स्कुल अफ लमा वादविवाद प्रतियोगिता



बुटवल । लुम्बिनी बौद्ध विश्वविद्यालयअन्तर्गत सिटी क्याम्पस बुटवल/स्कुल अफ लमा स्नातक तहको बी.ए.एलएल.बी. दोस्रो सेमेस्टरमा अध्ययनरत विद्यार्थीहरूबिच 'अपराधमुक्त समाजका लागि कडा कानुनी प्रावधान कि करुणामूलक रूपान्तरण ?' विषयक वादविवाद प्रतियोगिता सम्पन्न भएको छ।

प्रतियोगितामा ४९ जना विद्यार्थीको सहभागिता रहेको थियो। प्रतिस्पर्धामा विष्णु गौतम प्रथम, विशाल पाण्डे द्वितीय तथा ननिता श्रेष्ठ तृतीय भएका छन्।

बी.ए.एलएल.बी. दोस्रो सेमेस्टरअन्तर्गत रहेको 'बौद्ध कानुनी दर्शन' विषयको आन्तरिक मूल्याङ्कन कार्यक्रमअन्तर्गत आयोजित प्रतियोगिता सहायक क्याम्पस प्रमुख जे. बी. क्षेत्रीको अध्यक्षता तथा स्कुल अफ लका निर्देशक बद्रीप्रसाद गौतमको प्रमुख आतिथ्यमा सम्पन्न भएको हो।

प्रतियोगितामा उपप्राध्यापक लालबहादुर बस्नेत र उपप्राध्यापक गोपाल उपाध्यायले निर्णायकको भूमिका निर्वाह गरेका थिए भने कार्यक्रमको सञ्चालन लिगल एन्ड सिभिक सोसाइटीकी संयोजक प्रेरणा आचार्यले गरेकी थिइन्।

विषय शिक्षक तथा सहायक क्याम्पस प्रमुख जे. बी. क्षेत्रीले विद्यार्थीहरूमा अनुसन्धानमुखी अध्ययन संस्कृतिको विकास, विषयप्रति गहिरो समझ, तार्किक विश्लेषण क्षमता तथा प्रभावकारी अभिव्यक्ति कलाको अभिवृद्धि गर्ने उद्देश्यले प्रतियोगिता आयोजना गरिएको जानकारी दिए। उनका अनुसार यस्ता शैक्षिक कार्यक्रमले विद्यार्थीहरूमा आलोचनात्मक चिन्तन, स्वस्थ बौद्धिक प्रतिस्पर्धा तथा नेतृत्व क्षमताको विकासमा समेत टेवा पुग्ने अपेक्षा गरिएको छ।

कार्यक्रमलाई सम्बोधन गर्दै स्कुल अफ लका निर्देशक बद्रीप्रसाद गौतमले लुम्बिनी बौद्ध विश्वविद्यालयले पूर्वीय दर्शनको नैतिक आधारमा आधुनिक, सक्षम तथा प्रतिस्पर्धी कानुनी जनशक्ति उत्पादन गर्ने लक्ष्यका साथ शिक्षण गतिविधि सञ्चालन गरिरहेको बताए।

उनले कानुनका विद्यार्थीहरूले बुद्धका शिक्षा, नैतिक आचरण, सदाचार तथा जिम्मेवार व्यावसायिक व्यवहारलाई आत्मसात् गर्दै राष्ट्रिय एवं अन्तर्राष्ट्रिय क्षेत्रमा योगदान दिनुपर्ने आवश्यकता औंल्याए।

उनले करुणा, नैतिकता र कानुनी दक्षताको समन्वयबाट मात्र न्यायपूर्ण, उत्तरदायी र मानवीय समाज निर्माण सम्भव हुने उल्लेख गर्दै भावी कानुन व्यवसायीहरूले सामाजिक रूपान्तरणका संवाहकका रूपमा आफ्नो भूमिका निर्वाह गर्नुपर्ने धारणा व्यक्त गरे। लुम्बिनी बौद्ध विश्वविद्यालयअन्तर्गतको स्कुल अफ लले नेपाल बार काउन्सिलद्वारा २०८२ सालमा सञ्चालित अधिवक्ता अनुमतिपत्र परीक्षामा नेपाल प्रथम हुने सफलता हासिल गरेको क्याम्पसले जनाएको छ।

# ढोरपाटन सिकार आरक्षमा ३७ हजार पर्यटक, ४७ लाख आम्दानी




बागलुङ । ढोरपाटन पुग्ने पर्यटकको संख्या पछिल्लो समय वृद्धि हुँदै गएको छ। एक वर्षमा ३७ हजार पर्यटक ढोरपाटन पुगेका छन्। तीमध्ये अधिकांश आन्तरिक पर्यटक रहेका ढोरपाटन सिकार आरक्ष कार्यालय, बागलुङले जनाएको छ।

नेपालको एक मात्रै सिकार आरक्ष क्षेत्र ढोरपाटन पुग्ने पर्यटकको संख्या एक वर्षमा १३ हजारले बढेको कार्यालयका रेञ्जर सागर सुवेदीले जानकारी दिए। ढोरपाटनमा पर्यटकीय पूर्वाधार निर्माण, प्रचारप्रसार तथा व्यवस्थित होटल तथा घरबास (होमस्टे)को विकासले पर्यटकको संख्या बर्सेनि वृद्धि भइरहेको उनले बताए।

रेञ्जर सुवेदीका अनुसार पर्यटकको संख्यामा वृद्धि भएसँगै पर्यटकबाट प्राप्त हुने राजस्व पनि बर्सेनि बढिरहेको छ। आर्थिक वर्ष २०८२/८३ मा ढोरपाटनमा आउने पर्यटकको संख्या ३७ हजार ५२० पुगेको जनाउँदै तीमध्ये ३७ हजार २७० नेपाली पर्यटक रहेका उनले जानकारी दिए।

उनका अनुसार आव २०८१/८२ मा २३ हजार ६९२ र आव २०८०/८१ मा १५ हजार ५७३ पर्यटक ढोरपाटन पुगेका छन्।

# फेसबुक स्टाटसबाट दिन्छन् सांसदलाई जवाफ

**लुम्बिनी संवाददाता**
*बुटवल*

साउन २२ गतेको प्रतिनिधिसभा बैठकमा सत्तारुढ दल रास्वपाका आधा दर्जन बढी सांसदहरुले सरकारको आलोचना गर्दै देशका ज्वलन्त समस्याहरुबारे बोल्दै सरकार कहाँ छ भन्दै प्रश्न गरे।

सांसदहरुले खाना पकाउने ग्यासको अभाव, रासायनिक मलको संकट, विपन्न नागरिकको दाहसंस्कार खर्च, किसानलाई बाँदरले दिएको दुःखदेखि बोनम्यारो क्यान्सरको उपचारसम्मका विषय उठाउँदै उनीहरूले सरकारलाई नागरिकको दुःखमा देखिन आग्रह गरेका थिए।

पूर्व उपसभामुख सांसद इन्दिरा रानाले ग्यास अभावका कारण नागरिक सास्तीमा परेको बताएकी थिइन्। रास्वपाका सांसद रमेश प्रसाईंले चुनावका बेला आफूहरूले दिएको 'नो लाइन, वन्ली अनलाइन'को नारा सम्झिँदै जनता खाना पकाउने ग्यासका लागि दिनभर, रातभर, मध्यरातसम्म लाइन बसेको दृश्यले साँच्चिकै लाज लागेको बताएका थिए।

उनले प्रधानमन्त्री र मन्त्री निवासमा पनि ग्यास अभाव छ कि छैन भनेर प्रश्न गरेका थिए। सांसद कमल सुवेदी, सांसद पारशमणि गेलालले पनि ग्यासको अभावले जनताले सास्ती पाएको गुनासो गर्दै ग्यासको वास्तविक अवस्था के हो, सरकारले जानकारी गराउनुपर्ने माग गरेका थिए।

सांसद मनिष झाले सरकार चलाउने ढंग नपुगेको भन्दै राज्य सञ्चालनका सन्दर्भमा यसअवधिमा गरेका कार्यहरूउपर आत्मसमीक्षा गर्न सरकारलाई सुझाव दिएका थिए।

राज्य संचालनमा, संविधान र लोकतन्त्रको संरक्षणमा राज्यप्रतिको भरोसा र राष्ट्रप्रतिको आत्मविश्वासलाई मुल मन्त्र मानेर अगाडि बढ्नुपर्ने उनको सुझाव थियो।

आफूलाई के थाहा छैन भन्ने कुरा पहिचान गरेर सिक्ने क्षमता नेतृत्वमा हुनुपर्ने उनको आग्रह थियो।

सांसद झाले सिकाइ कहिल्यै नरोकिने प्रक्रिया भएको उल्लेख गर्दैसबै थाहा छ भनेर घमण्ड नगर्न सरकारलाई भनेका थिए।

सांसद झाले सरकारलाई व्यंग्यात्मक शैलीमा सवारी साधनको कालो सिसा हटायौं, कालो स्टिकर हटायौं अब कालो चस्मा पनि हटाउनुपर्छ भनेका थिए। आफ्नै दलका सांसदहरुले सरकारको आलोचना गरेपछि प्रधानमन्त्री बालेन शाहले शुक्रबार राति फेसबुकमा स्टाटस लेख्दै ढिलो होला तर, गलत हुँदैन नआत्तिनुहोस्, कहिलेकाही एक्लै लड्नुपर्छ भनेका थिए।

फेरि शनिबार बिहान प्रधानमन्त्रीले लामो फेसबुक स्टाटस लेख्दै बन्द तथा घाटामा रहेका सरकारी उद्योग र संस्थान सुधारको दिशामा अघि बढेको दाबी गरे। सत्तारूढ दलकै सांसदहरूले समेत बजारमा देखिएको समस्या र सरकारको कार्यसम्पादनबारे प्रश्न उठाइरहेका बेला प्रधानमन्त्रीले आफ्नो सरकार गठनपछि राष्ट्रिय उद्योग तथा संस्थानलाई पुनः जीवन्त र प्रतिस्पर्धी बनाउने कामलाई प्राथमिकता दिइएको बताएका हुन्।

नियत सफा राखेर जिम्मेवारीप्रति इमान्दार हुने हो भने चुनौतीपूर्ण परिस्थितिमा पनि सुधारका नयाँ ढोका खोल्न सकिने उनको दाबी छ।

प्रधानमन्त्रीका अनुसार औषधि लिमिटेड नाफामा गएको,लामो समयदेखि बन्द रहेको हेटौंडा कपडा उद्योग पुनः सञ्चालनका लागि परीक्षण उत्पादनको जिम्मेवारी नेपाली सेनालाई दिइएको, नेपाल वायुसेवा निगमको आर्थिक अवस्थामा समेत सुधार आएको दाबी गरेका छन्।

दुग्ध विकास संस्थान (डीडीसी)मा किसानको रोकिएको बक्यौता भुक्तानीलाई प्राथमिकता दिइएको, सिंहदरबार वैद्यखाना विकास समितिबाट सरकार गठनपछि ११ करोड १६ लाख रुपैयाँ बराबरको आयुर्वेदिक औषधि उत्पादन तथा बजारीकरण गरिएको प्रधानमन्त्रीले बताएका छन्। संसदबाट चुनिएका प्रधानमन्त्रीले देशका ज्वलन्त विषयमा संसदमा उठेका प्रश्न र विषयमा संसद वैठकमै जवाफ दिनु मर्यादित र शोभनिय हुने भएपनि प्रधानमन्त्रीले संसदलाई बेवास्ता गर्दै आइरहेकोमा विपक्षी दलहरुले कडा आलोचना गर्दै आएका छन्।

संसदको रोष्ट्रममा उभिएर प्रधानमन्त्रीले नेपालले पनि भारतको भूमि थुप्रै ठाउंमा मिचेको बोलेपछि विपक्षी दलहरुले राष्ट्र हित विरोधी यो अभिव्यक्ति संसदको रेकर्डबाट हटाउन र माफी माग्न माग गर्दै आएका छन्। तर प्रधानमन्त्रीले संसदमा उपस्थित भएर यसबारे र अन्य विषयमा पनि जवाफ दिने गरेका छैनन्। उनले कहिले अर्थमन्त्री त कहिले कानून मन्त्रीलाई आफ्नो तर्फबाट जवाफ दिन पठाउने गरेका छन्।

जनताको सर्वोच्च प्रतिनिधि थलो संसदलाई प्रधानमन्त्रीले यसरी गरिरहेको उपेक्षा र बेमतलबबारे जेन जी अभियान्ता मिराज ढुंगानाले पनि आपत्ति जनाएका छन्। उनले त मुलुकको प्रधानमन्त्रीले आफ्ना कुरा सार्वभौम संसदमा वा आधिकारिक मूलधारका राष्ट्रियस्तरका सञ्चारमाध्यमबाट सार्वजनिक गर्नुपर्नेमा फेसबुकबाट गर्नु देशकै अपमान भएको टिप्पणी गरेका छन्। प्रधानमन्त्रीले सरकार र संसदका सम्बन्धमा फेसबुकमा पोष्ट गर्दा एउटै स्टाटसबाट एक लाख रुपैयांसम्म आम्दानी गर्दै आएको विषय पनि उल्लेख गर्दै यो अशोभनिय काम भएको टिप्पणी गरेका छन्।

संसदीय मामिला रिपोर्टिङका अग्रज पत्रकार हरिबहादुर थापा सरकार र संसद्सँग सम्बन्धित विषय संसद्को बैठक, मन्त्रीपरिषद्का निर्णय, आधिकारिक विज्ञप्ति वा संस्थागत सञ्चार माध्यमबाट स्पष्ट र जवाफदेही ढंगले आउनु नै लोकतान्त्रिक संस्कार हुने, तर व्यक्तिगत फेसबुक पोस्टबाट राज्य सञ्चालनका गम्भीर विषय सार्वजनिक गर्ने अभ्यास बढ्दै जाँदा राज्यका औपचारिक संरचना र संस्थागत प्रक्रियामाथि नै प्रश्न उठ्न सक्ने औंल्याउँछन्।

'यस्तो प्रवृत्तिले पहिलो असर संसद्को गरिमा र भूमिकामाथि पर्छ। संसद् छलफल, बहस र निर्णय गर्ने सर्वोच्च जनप्रतिनिधिमूलक संस्था हो। तर संसदमा विषय प्रवेश गर्नुअघि वा संसद्लाई छलेर सामाजिक सञ्जालबाट राजनीतिक तथा सरकारी धारणा सार्वजनिक हुन थाले भने संसद् बहसको थलोभन्दा घोषणाको अनुमोदन गर्ने ठाउँजस्तो देखिन सक्छ,' थापा भन्छन्-'यसले सरकारको आधिकारिकता र जवाफदेहितामा भ्रम सिर्जना गर्न सक्छ। फेसबुकमा लेखिएको कुरा प्रधानमन्त्रीको व्यक्तिगत धारणा हो कि सरकारको आधिकारिक निर्णय हो भन्ने अन्योल पैदा हुन सक्छ। एउटा शब्दको गलत व्याख्याले समेत बजार, प्रशासन, कूटनीति वा जनमानसमा अनावश्यक प्रतिक्रिया जन्माउन सक्छ।'

प्रधानमन्त्री बालेनको फेसबुके अभ्यासले संस्थागत शासन कमजोर र व्यक्तिकेन्द्रित शासन बलियो बनाउने जोखिम हुने लोकतन्त्रमा संस्था बलियो हुनुपर्छ, व्यक्ति होइन। प्रधानमन्त्रीको फेसबुक पेज राज्यको राजपत्र, संसद् वा मन्त्रीपरिषद्को विकल्प बन्न मानव अधिकार तथा शान्ति समाजका पूर्व केन्द्रीय सभापति गोविन्द खनाल बताउँछन्। 'संसद र मूल धारका आधिकारिक सञ्चार माध्यमलाई बेवास्ता गरेर निजी फेसबुकबाट प्रधानमन्त्रीले धारणा सार्वजनिक गरिरहनु लोकतान्त्रिक संस्थागत अभ्यासका लागि राम्रो संकेत होइन, यसले राष्ट्रिय सुरक्षा, परराष्ट्र नीति र संवेदनशील राजनीतिक विषयमा पनि असर गर्छ,' खनाल भन्छन्-'सामाजिक सञ्जालमार्फत् प्रतिक्रिया दिँदा कूटनीतिक तथा राष्ट्रिय हितमा समेत असर पर्न सक्छ,प्रधानमन्त्रीको हरेक शब्द विदेशमा समेत राजनीतिक संकेतका रूपमा पढिन्छ। त्यसैले प्रधानमन्त्रीको अभिव्यक्तिमा व्यक्तिगत स्वतन्त्रताभन्दा राज्यको जिम्मेवारी ठूलो हुन्छ।'

प्रधानमन्त्रीले फेसबुक चलाउनु समस्या होइन, तर राज्य सञ्चालनको औपचारिक प्रक्रिया फेसबुकमा सारिनु समस्या हुने बुटवलका प्राध्यापक तिर्थ काफ्ले बताउँछन्। 'सामाजिक सञ्जाल जनतासँग संवाद गर्ने माध्यम हुन सक्छ, तर संसद्, मन्त्रिपरिषद् र आधिकारिक सरकारी संयन्त्रको विकल्प बन्न सक्दैन,' काफ्ले भन्छन्-'लोकतन्त्रको सुन्दरता प्रधानमन्त्री फेसबुकमा के लेख्छन् भन्नेमा होइन, उनी राज्यका संस्थाहरूप्रति कति जवाफदेही र जिम्मेवार छन् भन्नेमा हुन्छ, त्यसैले प्रधानमन्त्रीको व्यक्तिगत फेसबुक राज्यको निर्णय र संस्थागत जवाफदेहिताको मञ्च बन्नु हुँदैन, प्रधानमन्त्रीले फेसबुकबाट होइन, आवश्यक पर्दा संसदमा उभिएर देश र जनतासामु जवाफ दिन सक्ने संस्कार स्थापित गर्नु नै परिपक्व लोकतन्त्रको पहिचान हो।'

नेकपा एमालेका सचिव महेश बस्नेतले मध्यरातमा एक्लै छु भनेर आएको स्टाटसलाई प्रधानमन्त्री वालेन्द्र साहलाई आफ्नै पार्टीबाट सत्ता त्यागका लागि व्यापक दबाब बढ्दै गएको अनुमान गरेका छन्।

आफ्नै दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सांसदले 'सरकार चलाउने ढंग नभएको' भनेर प्रतिनिधिसभा बैठकमा आलोचना गरेकै दिन शुक्रबार अबेर राति बालेनले भावुक स्टाटस लेखेपछि एमाले सचिव बस्नेतले प्रधानमन्त्री एक्लिएको अड्कल काटेका हुन्।

एमाले सचिव बस्नेतले फेसबुकमा 'दुःख पायो मंगले, आफ्नै ढंगले,' शीर्षकमा लेखेका छन् -'मध्यरातमा आएको बालेनजीको यो स्टाटस पढ्दा लाग्छ, उनीमाथि सत्ता त्यागको लागि व्यापक दबाव बढ्दै गएको छ र आफ्नै निर्णय तथा कार्यशैलीलाई सही साबित गर्नुपर्ने बाध्यता देखिन्छ।'

तर राजनीति भावनात्मक स्टाटसले होइन, काम र परिणामले आफूलाई सही प्रमाणित गर्ने ठाउँ भएको टिप्पणी एमाले सचिव बस्नेतले गरेका छन्।

'जनताले अब सही समय आउँछ भन्ने आश्वासन होइन, आफूले भोगिरहेको समस्या समाधान भएको र जीवनमा वास्तविक उन्नति तथा प्रगति भएको देख्न चाहन्छन्', उनले लेखेका छन्-'एक्लै लडेको दाबी गर्नुअघि चुनावमा पाएको जनमत र जनताको विश्वास बिर्सन मिल्दैन। जनताले साथ दिएर सत्तामा पुऱ्याएका हुन् भने जनताको प्रश्न र आलोचनाबाट भाग्न पनि मिल्दैन।'

एमाले सचिव बस्नेतले अगाडि लेखेका छन्- 'समय अवश्य आउँछ, तर समयले मात्र सबै कुरा बदल्दैन। काम, व्यवहार र परिणाम नै असली मापदण्ड हुन्। गल्ती सच्याउने र जवाफ दिने समय पनि यही हो। अन्ततः स्टाटसले होइन, इतिहासले फैसला गर्नेछ, को सही थियो, को गलत थियो।'

**आठ दलको ...**

विगतका त्रुटिहरूलाई सुधारेर जनताप्रति उत्तरदायी बन्ने प्रतिबद्धता जनाउँदै शर्माले सामाजिक, सांस्कृतिक र आर्थिक विकासका लागि यो मोर्चा गतिशील रहने उल्लेख गरे। समाजमा विद्यमान सबै प्रकारका भेदभाव र छुवाछूत अन्त्य गर्दै सामाजिक न्याय कायम गर्ने लक्ष्य मोर्चाले लिएको उनले बताए।

मोर्चाले स्थानीय तहलाई प्रदेश मातहत ल्याउनका लागि सङ्घर्ष गर्ने रणनीति बनाएको छ। बहिष्करणमा पारिएका समुदायले अझै पनि समानताको अधिकार प्रयोग गर्न नपाएको औंल्याउँदै शर्माले संविधान संशोधन तथा पुनर्लेखन गर्नुपर्ने आवश्यकता औंल्याए।

**दीर्घकालीन सोंचले मोर्चा गठन : शाह**

आम जनता पार्टीका अध्यक्ष प्रभु साहले देश सङ्कटको यात्रामा रहेकाले दीर्घकालीन सोचका साथ अग्रगामी मोर्चा गठन गरिएको बताएका छन्। उनले देशमा विभिन्न आन्दोलन भए पनि जनताको अवस्था जस्ताको त्यस्तै रहेको उल्लेख गरेका हुन्।

अहिलेको राजनीतिक अवस्थाका कारण देश निरन्तर सङ्कटतर्फ धकेलिइरहेको बताउँदै साहले जनता निराश बनेको र त्यसको निकासका लागि मोर्चा बनाइएको स्पष्ट पारे। नयाँ नेपाल निर्माणका लागि आफूहरू अघि बढेको बताउँदै उनले भने- 'हामी आठ दल फरक सोचका साथ यहाँसम्म आइपुगेका छौं।' मोर्चाले दीर्घकालीन सोच लिएकाले आफ्नो लक्ष्य प्राप्त भएपछि मात्र यसको अन्त्य हुने साहले दाबी गरे। वर्तमान सरकारले जनतासामु गरेका कुनै पनि वाचा तथा प्रतिबद्धता पूरा गर्न नसकेको आरोप लगाउँदै उनले निराश जनतामा नयाँ आशा जगाउन मोर्चा प्रतिबद्ध रहने बताए।

**सरकार बेइमान : रेशम**

नागरिक उन्मुक्ति पार्टी (नाउपा), नेपालका संरक्षक रेशमलाल चौधरीले सरकारले निर्वाचनअघि गरेका प्रतिबद्धता पूरा गर्न नसकेर बेइमान बनेको आरोप लगाएका छन्। उनले निर्वाचनअघि सत्तारुढ दल राष्ट्रिय स्वतन्त्र पार्टीले विदेशमा रहेका युवालाई स्वदेश फर्काउने, सुशासन कायम गर्ने र देशलाई नयाँ ढंगले सञ्चालन गर्ने दाबी गरेपनि व्यवहारमा त्यसको उल्टो अवस्था देखिएको जिकिर गरे।

सरकारले नागरिकमाथि करको भार थोपरेको आरोप लगाउँदै उनले सरकारले सबै कुरामा कर थोपरेर नागरिक सर्वोच्चताको कुरा गर्ने गरेको बताए। उनले आफूहरू सरकारको विरोधका लागि मात्रै मोर्चाबन्दीमा नलागेको पनि बताए।

**सरकार विचारविहीन : परियार**

प्रलोपा अध्यक्ष सन्तोष परियारले संघीयता, गणतन्त्र र समावेशिताजस्ता उपलब्धिको रक्षाका लागि 'अग्रगामी मोर्चा'ले सशक्त भूमिका खेल्ने बताएका छन्।

अध्यक्ष परियारले वर्तमान सरकार जनभावना विपरीत र विचारविहीन भएको टिप्पणी गरे। युवाको सपना र आदर्शलाई दक्षिणपन्थी शक्तिहरूले दुरुपयोग गरिरहेको उनको आरोप छ। 'निर्वाचनबाट आएको पाँच वर्षे सरकारले राज्यका स्थापित ऐतिहासिक संस्थाहरू र विधिभन्दा बाहिर गएर काम गर्न पाउँदैन,' उनले भने-'जुन दिन जनताको धैर्य टुट्छ र उनीहरू जाग्छन्, त्यो दिन बालुवाटार र सिंहदरबार धेरै टाढा हुनेछैनन्।'

सरकारलाई जनताको सेवकका रूपमा परिभाषित गर्दै उनले सरकारलाई अभिभावक मान्ने परम्परा अन्त्य हुनुपर्नेमा जोड दिए। 'सरकार नेपाली जनताको सेवक हो, अभिभावक होइन।'- उनले भने।

गरिब, सुकुम्वासी, मजदूर र उत्पीडित वर्गको पक्षमा मोर्चाले सडक र सदन दुवै ठाउँबाट आवाज उठाउने प्रतिबद्धता व्यक्त गरे। नयाँ भनिएका राजनीतिक शक्तिहरूले इतिहासको अवमूल्यन गरिरहेको उनको आरोप थियो।

'२००७ सालदेखिको निरन्तर संघर्ष, मधेस आन्दोलन र जनयुद्धबाट प्राप्त नागरिक सर्वोच्चता, संघीयता र सामाजिक न्यायको पक्षमा यो मोर्चा सधैं उभिनेछ। यदि संख्याको बलमा रहेको वर्तमान सरकारले यी उपलब्धिमाथि आक्रमण गर्न खोजेमा मोर्चाले त्यसको सशक्त प्रतिवाद गर्नेछ।'- परियारले भने।

अध्यक्ष परियारले वर्तमान संविधान पूर्ण नभए पनि यो तुलनात्मक रूपमा उत्पीडित समुदायको पक्षमा रहेको उल्लेख गर्दै यसको रक्षाका लागि जनता सचेत हुनुपर्ने बताए। अग्रगामी मोर्चाले आगामी दिनमा समाजवाद, सुशासन र सामाजिक रूपान्तरणका लागि निरन्तर सङ्घर्ष जारी राख्ने उनको भनाइ थियो।

**संविधानलाई पूर्णता दिन मोर्चा : अन्सारी**

नेपाल सङ्घीय समाजवादी पार्टीका अध्यक्ष रिजवान अन्सारीले संविधानलाई पूर्णता दिनका लागि अग्रगामी मोर्चा गठन गरिएको बताएका छन्। उनले उत्पीडित समुदायको हक-अधिकार रक्षाका लागि यो मोर्चा बनेको स्पष्ट पारेका हुन्। विगतमा भएका गल्ती र कमीकमजोरीहरूलाई सच्याएर अगाडि बढ्ने प्रतिबद्धता अन्सारीले जनाए। नयाँ शक्तिहरूतर्फ लक्षित गर्दै उनले भने-'पुरानो दलले केही गरेको छैन भनेर जसले भनिरहेका छन्, तिनलाई म भन्न चाहन्छु कि आज जनताको छोरा राष्ट्रपति बन्नुभएको छ, त्यो पुरानै दलका कारणले भएको हो।'

देशमा आएको राजनीतिक परिवर्तन र उपलब्धिहरू पुरानै दलहरूको सङ्घर्षको परिणाम भएको दाबी उनले गरे।

**पुनःस्थापना ...**

प्रस्तावमा वास्तविक सुकुम्वासीको पहिचान गरी सात दिनभित्र प्रमाणित तथ्याङ्क सार्वजनिक गर्नुपर्ने, विस्थापितहरूलाई विपद् जोखिमरहित स्थानमा पर्याप्त कोठा, पानी र बिजुलीसहितको सुरक्षित आवास उपलब्ध गराउनुपर्ने, सुत्केरी, बालबालिका र बिरामीका लागि निःशुल्क औषधि र पौष्टिक खानाको व्यवस्था गर्नुपर्ने, डोजर चलाउँदा भएको धनमालको क्षति मूल्याङ्कन गरी वास्तविक क्षतिपूर्ति दिनुपर्ने र प्रचलित कानुनबमोजिम वास्तविक सुकुम्वासी र भूमिहीन दलितलाई जग्गाधनी प्रमाणपूर्जा (लालपूर्जा) वितरणको प्रक्रिया शीघ्र सम्पन्न गर्नुपर्ने माग राखिएको छ।

प्रस्तावमा गृह मन्त्रालय, भूमि व्यवस्था मन्त्रालय र शहरी विकास मन्त्रालयलगायतका सम्बन्धित निकायहरूलाई यो समस्याको दीर्घकालीन समाधानका लागि जिम्मेवार बन्न आग्रह गरिएको छ। निर्वाचनअघि सबै राजनीतिक दलले साझा प्रतिबद्धता जनाएको सुकुम्वासी समस्यालाई राजनीतिक लाभको माध्यम नबनाई राष्ट्रिय दायित्वका रूपमा स्वीकार गर्न समेत प्रस्तावमा जोड दिइएको छ।

**कागजात हराएको सूचना**

मेरो नाममा जारी भएको नेपाली नागरिकताको प्रमाणपत्र तथा राष्ट्रिय परिचयपत्र मिति २०८३/०३/१७ गते छत्रकोटबाट तम्घास जाने क्रममा हराएको हुँदा उक्त कागजात फेला पार्नुहुने जोकोही मानुभावहरुले नजिकको प्रहरी कार्यालय वा तल उल्लेखित ठेगानामा सम्पर्क गरी बुझाइदिनुहुन सम्बन्धित सबैमा विनम्र अनुरोध गर्दछु।

साथै, उक्त कागजातको दुरुपयोग भएमा त्यसबाट उत्पन्न हुने कुनै पनि जिम्मेवारी ममा रहने छैन।

**नामः सुमना भण्डारी कंडेल**
**ठेगानाः छत्रकोट गाउँपालिका-४, गुल्मी**
**ना.प्र.नं. :४१-०१-७८-०८६६७**
**रा.प.नं. :०८३-४२२-७८९८**
**सम्पर्क नं.: ९८५१००२३६१**

**ट्वाइलेट सफा गराउनुहोस्**

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर
समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

**ट्वाइलेट सफा गराउनुहोस्**

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्को बेला पनि सेवा दिइने छ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुखानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

**ट्वाइलेट सफा गराउनुहोस्**

तपाईंको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।

- ट्वाइलेट, बाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

# गल्याङ-चापाकोट सडक निर्माणले पूर्णता नपाउँदै जीर्ण



**प्रकाश डोटेल**
*स्याङ्जा*

जिल्लाको दक्षिण पूर्वी चापाकोट क्षेत्रलाई सिद्धार्थ राजमार्गसँग जोड्ने उद्देश्यले निर्माण थालिएको सडकले पूर्णता नपाउँदै जीर्ण बन्दै गएको छ। ट्र्याक खुलेको ३१ वर्षमा गल्याङ-चापाकोट सडकले पूर्णता नपाउँदै जीर्ण बन्दै गएपछि सार्वजनिक यातायातका सवारीसाधन चल्न बन्द भएको छ।

फलफूल र खाद्यान्न उत्पादनका लागि प्रचुर सम्भावना बोकेको चापाकोटलाई सिद्धार्थ राजमार्गसँग जोड्न २०५२ सालमा सडकको नयाँ ट्र्याक खुलेको थियो। उत्पादित कृषिजन्य वस्तको व्यापारसँगै स्वरोजगारी सिर्जना र आर्थिक गतिविधि विस्तार गर्ने उद्देश्यले निर्माण थालिएको सडकले पुर्णता नपाउँदै जीर्ण बन्न थालेपछि स्थानीय निराश भएका छन्।

सडक निर्माणले आवश्यक गति नलिँदा सार्वजनिक सवारीसाधन चल्न बन्द भएका छन् भने सडक स्तरोन्नतिको काम वर्षौंदेखि अलपत्र पर्दा स्थानीयले सास्ती भोग्दै आएका छन्। हिउँदमा धुलाम्मे र बर्खामा हिलाम्मे हुने सडकमा कष्ठपूर्वक यात्रा गर्दा स्थानीयले सास्ती भोग्दै आएका हुन्। केही वर्षअघिसम्म चापाकोटबाट गल्याङ हुँदै बुटवल दैनिक ८ वटा मिनीबस र गल्याङसम्मका लागि १५ वटा बोलेरो जीप नियमित सञ्चालनमा रहेका थिए।

निर्माण कार्यले पूर्णता नपाउँदै पछिल्लो समय सडक दिनानुदिन बिग्रदै गएको छ। बर्खाको सयममा सडकको अवस्था दयनीय बनेको छ। गल्याङ-चापाकोट सडकखण्डाको सुन्तलीटार, किसान, मनहरी, बेलचौर, आँपचौर, ढाडेखोला, सम्पास र प्याउनासलगायत आसपासका स्थानीयलाई बजार पुग्न र दैनिक आवतजावत गर्न निकै कठिन भएको स्थानीय तेजप्रसाद खनालले बताए।

गल्याङदेखि चापाकोटस्थित दामाचौरसम्मको २७ किलोमिटर सडकमध्ये करिब ११ किलोमिटर खण्ड अत्यन्त जीर्ण बनेसँगै सडक प्रयोगमा कठिन बनेको छ। गण्डकी प्रदेश सरकारको समपूरक शीर्षकको बजेटबाट २०८० चैतमा ४२ करोड रुपैयाँ लागतमा तीन वर्षमा काम सक्ने गरी सडक कालोपत्रेको काम सुरु गरिएको थियो। सडक विस्तारको जिम्मा पाएको अमर कन्स्ट्रक्सनले तोकिएको समयमै निर्माणको काम नसक्दा सडक जीर्ण बन्दै गएको हो।

निर्माण सामग्रीको सहज उपलब्ध नहुनु, मूल्य वृद्धिका कारण सडक निर्माणमा ढिलाइ भएको पूर्वाधार विकास कार्यालयले दाबी गरेको छ। सडक विस्तारका लागि आर्थिक वर्ष २०८०/८१ को २० करोड र दोस्रो वर्ष २०८१/८२ को २० करोड रुपैयाँको बजेटमा सडक निर्माणको कामले अपेक्षाकृत गति लिएको थियो। पछिल्लो वर्ष २०८२/८३ को झण्डै १४ करोड रुपैयाँ बजेट खर्च हुन नसक्दा सडकले पुर्णता नपाउँदै जीर्ण बन्दै गएको पूर्वाधार कार्यालय प्रमुख इञ्जिनियर गुरुदत्त अधिकारीले बताए।

तोकिएकै समयमै सडक बन्न नसक्दा लागत बढ्दै गएको छ भने बनेका सडक संरचना समेत जीर्ण बन्दै गएको कार्यालय प्रमुख अधिकारीले बताए। आउँदो वर्षभित्र सडक पुरा नगरे निर्माण कम्पनीलाई कारबाही स्वरुप जरिवाना र ठेक्का तोड्नेसम्मको निर्णय गरिने अधिकारीको भनाइ छ।

उक्त सडकलाई गल्याङ हुँदै बुटवल भैरहवा तथा तनहुँको दुलेगौंडा हुँदै राजधानी काठमाडौं पुग्ने मुख्य 'लाइफलाइन'का रूपमा लिने गरिन्छ। सडक समयमै निर्माण नहुँदा स्थानीयले कालीगण्डकी करिडोर हुँदै लामो र झन्झटिलो यात्रा गर्न बाध्य छन्। निर्माण कम्पनीलाई प्रभावकारी रूपमा काम गराउन नसक्नु, पूर्वाधार कार्यालयको गैरजिम्मेवार र पटक-पटक म्याद थप्दै जाँदा समस्या थपिदै गएको स्थानीय नरेन्द्र अर्यालले बताए।

गल्याङ-चापाकोट सडक आयोजना समयमै स्तरोन्नति भए त्यस क्षेत्रका लाखौ स्थानीयलाई व्यावसायिक गतिविधि संचालन र दैनिक आवागमन सहज हुने थियो। जिल्लाको दक्षिण पूर्वी भेगमा उत्पादित कृषिजन्य वस्तुको सहज निकासीसँगै व्यापार, व्यवसाय, पर्यटन र समग्र आर्थिक क्षेत्रमा सडकले नयाँ अवसरको ढोका खोल्नेमा स्थानीयले विश्वास जनाएका छन्।

# पाल्पाका २३ बर्थिङ्ग सेन्टर उपलब्धिविहीन

**कृष्ण पोखरेल**
*पाल्पा*



पाल्पामा सञ्चालित ४४ वटा बर्थिङ्ग सेन्टरलाई व्यवस्थित गरी गुणस्तरीय बनाउन एक सर्भेक्षण प्रतिवेदनले स्थानीय सरकारलाई सुझाव दिएको छ। सञ्चालित बर्थिङ्ग सेन्टरलाई व्यवस्थित गर्दै, कार्यरत जनशक्तीमा क्षमता बढाउने, प्रसूति गराएको आधारमा बर्थिङ्ग सेन्टरलाई प्राथमिकरण गर्दै आवश्यकताको आधारमा घटाउने, बढाउने विषयमा पालिकाले निर्यण गर्नुपर्नेमा पाल्पामा आयोजित कार्यक्रममा जोड दिएको छ।

पाल्पाका १० वटै पालिकाका प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, स्वास्थ्य शाखा प्रमुखहरुको सहभागितामा ४४ वटा बर्थिङ्ग सेन्टर बाट भएको एक वर्षे प्रस्तुतिको विवरण सार्वजनिक गरिएको हो। पाल्पाका ४४ बर्थिङ्ग सेन्टरहरुमध्ये २३ वटा हटाई २१ वटा बर्थिङ्ग सेन्टरलाई आधुनिक व्यवस्थित, गुणस्तरीय उपकरणदेखि कर्मचारीहरुको व्यवस्था गरेर आमा बच्चाको स्वास्थ्यलाई अझै राम्रो बनाउन सकिने प्रतिवेदन प्रस्तुतकर्ता लुम्बिनी प्रदेश स्वास्थ्य निर्देशनालयका तथ्याङ्क अधिकृत मान बहादुर वलीले बताए।

लुम्बिनी प्रदेश स्वास्थ निर्देशनालयले पाल्पामा आ.व.२०८२/०८३ मा मिसन अस्पताल र लुम्बिनी मेडिकलमा ८१ प्रतिशत, सरकारी अस्पतालमा ७ प्रतिशत र १० पालिकाको ४४ वटा बर्थिङ्ग सेन्टर १२ प्रतिशत प्रसूति भएको नतिजा सार्वजनिक भएको छ। पाल्पाका बर्थिङ्ग सेन्टरहरु मध्ये निस्दी गाउँपालिकामा सबैभन्दा बढी ६४ जना र बगनासकालीमा सबैभन्दा कम ६ जना प्रसूति भएका छन्। पाल्पाका ४४ वटा बर्थिङ्ग सेन्टरमध्ये १ देखि ५ जनासम्म प्रसूति गराउने स्वास्थ्य संस्था २० वटा, ६ देखि १० जनासम्म प्रसूति गराउने स्वास्थ्य संस्था १० वटा, १० देखि १५ वटासम्म प्रसूति गराउने ९ वटा र १५ देखि माथि प्रसूति गराउने ५ वटा स्वास्थ्य संस्था रहेका छन्। नेपाल सरकारको नियमअनुसार १५ वटाभन्दा कम प्रसूति गराउने स्वास्थ्य संस्था प्रसूतिको गुणस्तरीय मापदण्डमा नपर्ने नियम रहेको छ।

निर्देशनालयले ४४ वटै बर्थिङ्ग सेन्टरका कर्मचारीहरुको दुई दिने अन्तरक्रिया प्रशिक्षण कार्यक्रमको आधारमा तानसेनमा रहेका दुई बर्थिङ्ग सेन्टरमध्ये एक मात्र राख्ने, तिनाउमा रहेका ३ मध्ये २ राख्ने, निस्दीका ७ मध्ये, ५ राख्ने, पूर्वखोलाका ६ मध्ये २ राख्ने, बगनासकालीका ४ मध्ये १ राख्ने, माथागढीमा ७ मध्ये ३ राख्ने, रम्भाका ४ मध्ये १ राख्ने, रामपुरको ४ मध्ये १ राख्ने, रैनादेवीमा ४ वटै राख्ने र रिब्दीकोटको ३ मध्ये १ राख्ने गरी जम्मा २१ वटा बर्थिङ्ग सेन्टर सञ्चालन गरेमात्र पुग्ने अवस्था प्रारम्भिक सर्भेले देखाएको विवरण पाल्पामा सार्जजनिक गरेको हो।

सञ्चालन भएका बर्थिङ्ग सेन्टरमा प्रसूति नहुँदा उपकरण नै प्रयोगविहीन हुने, कर्मचारीले पाएको ज्ञान, सीप, क्षमता हराउँदै जाने स्वास्थ्य मन्त्रालयको निर्देशिका अनुसार पनि बर्थिङ्ग सेन्टरलाई स्तरीकरण गर्दै व्यवस्थित, गुणस्तरीय सेवा प्रदानको लागि छलफल गरिएको युनएफपिएका अजय आचार्यले बताए।

कार्यक्रममा जिल्ला समन्वय समितिका प्रमुख टंकनाथ खनालले निर्देशनालयले पेश गरेको डाटा विवरण प्रारम्भिक भएकोले थप पालिकाभित्र गम्भीर रुपमा छलफल गरी थप व्यवस्थित गर्न प्रतिवेदन सहयोगी भएको बताए। सहायक प्रमुख जिल्ला अधिकारी शिवप्रसाद सेढाइले स्वास्थ्य निर्देशनलायले पेश गरेको नतिजाले पालिकाले आगामी दिनमा बर्थिङ्ग सेन्टरलाई अझैं राम्रो सेवा सुविधा प्रदान गर्नको लागि बाटो देखाएको जनाए। निर्देशनालयका प्रमुख रोशनलाल चौधरीले व्यवस्थित बर्थिङ्ग सेन्टर निर्माणको लागि स्थानीय सरकारसँग थप छलफल गर्न सकिने बताउँदै यो नमूना कार्यक्रम देशभरीबाट पाल्पा जिल्लाबाट सुरु भएको जनाए।

पाल्पाका १० वटै पालिकाका प्रमुखहरुले निर्देशनालय गरेको सर्भे पूर्ण नभएकोले आगामी दिनमा पालिकाले पनि थप छलफल अन्तरक्रिया गरेर मात्र निचोड पुग्न सकिने बताएका छन्। गाउँमा एक जना गर्भवती महिलालाई भए पनि सेवा दिनुपर्ने बाध्यता भएकोले सर्भेक्षणले देखाएजस्तो गरी बर्थिङ सेन्टर कटौती गर्न नसकिने पालिकाका स्वास्थ्य शाखा प्रमुखहरुले बताएका छन्।

# बुद्धको मामाघर विमोचन



बुटवल। रुपन्देहीको देवदहमा लेखक निर्मल ढुंगानाद्वारा लिखित बुद्धको मामाघर कृति विमोचन गरिएको छ। सिखा बुक्स प्रकाशनद्धारा प्रकाशित, अनुराग साहित्य समाज नेपालको व्यवस्थापनमा कृतिको एक कार्यक्रमकाबिच देवदह नगरप्रमुख ध्रुवप्रसाद खरेलले विमोचन गरेका हुन्।

भगवान गौतमबुद्ध र उनको मावलीस्थल देवदहको ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक महत्वलाई मुख्य विषयवस्तु बनाएर यो पुस्तक प्रकाश गरिएको छ। कृतिमा देवदहको पुरातात्विक पहिचान, शाक्य-कोलिय सभ्यता र बुद्धको मावली पक्षको विस्तृत व्याख्या गरिएको छ।

कृति विमोचन कार्यक्रममा बोल्दै लेखक निर्मल ढुंगानाले करिव ६ वर्ष लगाएर कृति प्रकाशन गरेको जानकारी दिए।

कृतिको विमोचन गर्दै नगर प्रमुख खरेलले भगवान गौतमबुद्धको मावली यही हो भनेर प्रमाणित नभएको अवस्थामा ढुंगानाले प्रकाश गरेको बुद्धको मामाघर कृतिले देवदहलाई प्रमाणित गर्न टेवा पुऱ्याउने बताए। उनले बुद्धको मावली देवदहलाई प्रमाणित गर्न कृतिले महत्वपूर्ण योगदान दिने बताउँदै कृतिलाई नगरपालिकाको सम्पत्तिको रुपमा ग्रहण गर्ने जनाए। उनले बुद्धको मामाघर देवदहको ऐतिहासिक पहिचान स्थापित गर्न र पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास व्यक्त गरे।

नगर प्रमुख खरेलले देवदहलाई बुद्धमाता मायादेवीको माइती तथा बुद्धको मामाघरका रूपमा चिनाउने मात्र नभई बुद्ध दर्शनलाई गहिराइबाट बुझ्न चाहने पाठकका लागि महत्वपूर्ण सामग्री प्रस्तुत गरेको धारणा राखेका थिए। उनले देवदहको वारेमा धेरै जान्नको लागि अझ धेरै कृतिहरु प्रकाशन गर्न आवश्यक रहेको बताए।

उनले कृतिले देवदहलाई पर्यटकीय हवको रुपमा विकास गर्न महत्वपूर्ण भूमिका खेल्नेको भन्दै लेखकलाई धन्यवाद दिए। सोही अवसरमा बोल्दै लुम्बिनी प्रदेशका पूर्व सांसद डा. कृष्णप्रसाद न्यौपानेले देवदहलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा चिनाउन कृतिले महत्वपूर्ण भूमिका खेल्नेमा जोड दिए। उनले कृतिले देवदह क्षेत्रमा रहेका गौतमबुद्ध सँग सम्बन्धित धेरै ऐतिहासिक स्थलहरुको वारेमा बोलेको बताए।

यसैगरी लुम्बिनी बौद्ध विश्वविद्यालयका क्याम्पस प्रमुख दयानिधि आर्चायले कृति देवदहको मुखपत्रको रुपमा महत्वपूर्ण रहेका जनाए। अनुराग साहित्य समाज नेपालका अध्यक्ष सरस्वती वस्यालको अध्यक्षतामा भएको कार्यक्रममा शैलेन्द्र उपाध्य, राजकुमार बानियाँ, गणेश डुम्रेले कृतिको समीक्षा गरेका थिए।

सिखा बुक्स प्रकाशनका पुष्पराज पौडेलको स्वागत र अनुराग साहित्य समाज नेपालका सचिव अनन्तराम भण्डारीको सञ्चालनमा कार्यक्रम सम्पन्न भएको थियो।

# होटल संघ लुम्बिनी प्रदेश तदर्थ समिति गठन



बुटवल। होटल संघ नेपाल (हान) लुम्बिनी प्रदेशको तदर्थ समिति गठन गरिएको छ। साविकको नेप्लिज होटेलियर्स एशोसिएसन लुम्बिनीसँग एकीकरण गरी बुटवलमा सम्पन्न व्यवसायीहरुको भेलाले सीपी श्रेष्ठ अध्यक्ष रहेको तदर्थ समिति चयन गरेको हो। संघको वरिष्ठ उपाध्यक्षमा प्रवीण पाठक, प्रथम उपाध्यक्षमा हरिबहादुर थापा र उपाध्यक्षमा अनिलप्रसाद श्रेष्ठ चयन भएका छन्।

यस्तै महासचिवमा टेकनाथ बस्याल, सचिवमा दिलीप गौचन र कोषाध्यक्षमा सुशान्त गौचन चयन भएका छन्। संघको कार्यसमिति सदस्यहरूमा प्रणदा दीक्षित, ओबिन्द्र महरा, धीरेन्द्र प्रधान, कमल पैडेल, गिरिराज पाण्डे, लक्ष्मण भण्डारी, दुर्गा बस्याल, पदमवीर थापा र निर्मल श्रेष्ठ रहेका छन्।

संघको सल्लाहकारमा महेन्द्रनारायण श्रेष्ठ र गोपाल राना रहेका छन्। समिति गठन कार्यक्रममा लुम्बिनीका मुख्यमन्त्री चेतनारायण आचार्यले भारतीय पर्यटकलाई लक्षित गरी प्रदेशका मुख्य धार्मिक पर्यटकीय स्थलहरुमा स्तरीय शाकाहारी होटेलहरु अभाव रहेकाले बनाउन सुझाव दिए। मुख्यमन्त्री आचार्यले पर्यटकको बसाई लम्ब्याउन सके मात्र लाभ लिन सकिने भएकाले आकर्षक प्याकेजसहित भारतको उत्तर प्रदेशमा बजारिकण गर्न सुझाव दिए। हान लुम्बिनीमा तारे स्तरका ४० बढी होटेलहरु आबद्ध रहेका महासचिव टेकनाथ बस्यालले जानकारी दिए।

# तीनदिने ह्याकाथन लुम्बिनीएक्स सुरु




बुटवल। लुम्बिनी सिटी कलेजमा अध्ययनरत विद्यार्थीहरुको सक्रियतामा तीन दिने राष्ट्रियस्तरको ह्याकाथन लुम्बिनीएक्स सुरु भएको छ। उक्त कार्यक्रम कलेजका विद्यार्थी आविष्कार ढेङ्गाको अध्यक्षता तथा तिलोत्तमा नगरपालिकाका शिक्षा शाखा अधिकृत धनीराम शर्माको प्रमुख आतिथ्यतामा शुभारम्भ भएको थियो। शिक्षा शाखा अधिकृत शर्माले यस्ता प्रतियोगिताबाट नवप्रवर्तनको क्षेत्रमा योगदान पुग्ने विश्वास व्यक्त गरे। कार्यक्रम कलेजका विद्यार्थी संयम शर्माको सञ्चालन र निशान भुर्तेलको स्वागत मन्तव्यमा भएको थियो।

कलेजका प्राध्यापक तथा मेन्टर विष्णुप्रसाद चौधरीले कार्यक्रमबारे प्रकाश पारेका थिए।

सञ्चालक समितिका उपाध्यक्ष तथा प्यारामाउन्ट उच्च मा.वि.का संस्थापक प्राचार्य डा. दामोदर भुसालले सूचना प्रविधिको नयाँ आयामहरूमा प्रकाश पार्दै कार्यक्रमले सो क्षेत्रमा दिशानिर्देश गर्ने कुरामा जोड दिए।

कार्यक्रममा क्याम्पसका क्याम्पस प्रमुख प्रा.डा. गणेशप्रसाद पाठकले कलेजको समग्र परिचयका साथ यस्ता कार्यक्रमबाट सूचना प्रविधिको क्षेत्रमा विश्वस्तरीय जनशक्ति र नेतृत्व विकास गरी देशको समग्र अर्थतन्त्रमा प्रभाव राख्ने छ भन्ने विश्वास व्यक्त गरे।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको लागि
सधै हामीलाई सम्झनुहोस् !
आइडिया
डिजाइनर्स/अफसेट प्रेस
सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो.
९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com




सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com